## बैठक नं. १

(बैठक संख्या ३४)

आज मिति २०८०/०४/०४ गतेका दिन यस गाउँपालिकाका अध्यक्ष श्री विष्णु प्रसाद भण्डारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको प्रस्ताव माथी छलफल गरी निर्णय गरियो ।

उपस्थिती :-

| क्र.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री विष्णु प्रसाद भण्डारी | |
| २ | उपाध्यक्ष | श्री राधा कुमारी श्रेष्ठ | |
| ३ | वडा अध्यक्ष १ | श्री ईश्वरी काफ्ले | |
| ४ | वडा अध्यक्ष २ | श्री चेत बहादुर सुनारी | |
| ५ | वडा अध्यक्ष ३ | श्री थमन बहादुर गाहा | |
| ६ | वडा अध्यक्ष ४ | श्री कृष्ण बहादुर रायमाझी | |
| ७ | वडा अध्यक्ष ५ | श्री खुमकान्त बस्याल | |
| ८ | सदस्य | श्री हिमा कुमारी सिंजाली | |
| ९ | सदस्य | श्री सरस्वती वि.क | |
| १० | सदस्य | श्री विमला जि.आर | |
| ११ | सदस्य | श्री नानु कुमारी गन्धर्व | |
| १२ | सदस्य | श्री भोज बहादुर वि.क. | |
| १३ | सदस्य | श्री नेत्र बहादुर वि.क. | |
| १४ | प्रमुख प्रशासकीय अधिकृत | श्री भक्तु जङ्ग राना | |
| १५. | लेखा अधिकृत | श्री पोष्टराज न्यौपाने | |
| १६. | का.स. | श्री विष्णु प्र. पौडेल | |
| | | | |
| | | | |
| | | | |

**निर्णय नं. १**

**प्राप्त पत्रबारे जानकारी तथा गत बैठकको समिक्षा सम्बन्धमाः** विभिन्न कार्यालयबाट प्राप्त पत्रहरु पढीवाची सुनाउने कार्य सम्पन्न भयो साथै अघिल्लो कार्यपालिका बैठकले गरेका निर्णयहरुको समेत समिक्षा गरियो ।

**निर्णय नं. २**

**बार्षिक कार्ययोजना सम्बन्धमाः** गाउँपालिकाको चालु आ.व. को स्वीकृत बार्षिक निती कार्यक्रम तथा बजेटमा उल्लिखित शाखागत कार्यक्रमहरुको सम्बन्धमा बार्षिक कार्ययोजना १५ दिनभित्र तयार गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्न सम्पूर्ण शाखाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

**कर्मचारी म्याद थप सम्बन्धमाः** रम्भा गाउँपालिका र अन्तर्गतका कार्यालयहरुमा कार्यरत करार, अस्थायी, बालमैत्री सहजकर्ता र ज्यालादारी कर्मचारीहरुको कार्यसम्पादन र आवश्यकता समेतलाई मध्यनजर गरी ६ महिना साथै उद्यम विकास सहजकर्ताको रुपमा कार्यरत कर्मचारीहरुको संघीय सरकारबाट बजेटको सुनिश्चितता नभएकोले हालको लागि ३ महिनाको लागि मात्र म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

**नागरीक आरोग्य केन्द्रको लागि कार्यालय सहयोगी व्यवस्थापन सम्बन्धमाः** पाल्पा आयुर्वेद स्वास्थ्य केन्द्र तानसेन, पाल्पाको मिति २०८०/०३/२० को पत्रानुसार उक्त कार्यालयको मातहतमा संचालित नागरिक आरोग्य सेवा केन्द्रहरुमा सेवा करार अन्तर्गत कार्यरत कार्यालय सहयोगीहरुको तलब भत्ताका तहाँ कार्यालयबाट नै व्यवस्था गरिदिनुहुन लेखि आएको र यस रम्भा गाउँपालिकामा रहेका नागरिक आरोग्य केन्द्रहरुमा कार्यरत कार्यालय सहयोगीहरुको अन्य स्वास्थ्य संस्थामा सेवा करारमा कार्यरत कार्यालय सहयोगीको तलब सुविधा सरहनै तलब सुविधा उपलब्ध गराउने गरी हाल कार्यरत कर्मचारीहरुलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

**गाउँसभाको १३ औ बैठकको समिक्षा सम्बन्धमाः** यस गाउँपालिकाको गाउँसभाको १३ औ अधिवेशनलाई व्यवस्थित बनाउन खटिनुहुने कर्मचारी, पार्षद सदस्यहरु तथा सम्बन्धीत सम्पूर्णमा धन्यवाद ज्ञापन गर्दै हिउँदे गाउँसभा व्यवस्थित र प्रभावकारी भएको निष्कर्ष निकालीयो ।

**निर्णय नं. ६**

**सेवा खरिदको लागि फर्म सुचिकृत गर्ने सम्बन्धमाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ अनुसार सार्वजनिक निकायबाट सोहि ऐनमा तोकिए बमोजिम हुने खरिद सम्बन्धी कार्यक्रमको लागि सम्बन्धीत कार्यालयले त्यस्तो खरिदको प्रकृति अनुसार आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकको छुट्टाछुट्टै सूची तयार गर्नुपर्ने व्यवस्था बमोजिम यस कार्यालयबाट आ.व. २०८०/०८१ मा मौजुदा सूचीमा दर्ता हुन इच्छुक योग्य फर्म, संघ संस्था वा व्यक्तिहरुलाई सूचीकृत हुन चाहेको सेवा समूह समेत स्पष्ट रुपमा खोली तोकिएको ढाचामा आवेदन पेश गर्नको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

**आर्थिक ऐनमा छुटेका विषयहरुको सम्बन्धमाः** रम्भा गाउँपालिकाको आर्थिक ऐनमा छुटेका तपसिलका विषयहरुलाई तपसिल बमोजिमका शुल्क लिई बाधा अड्काउ फुकाउने निर्णय गरियो ।

तपसिलः

CS CamScanner

| क्र.सं. | विषय | शुल्क/ रकम |
|---|---|---|
| १ | रोयल्टी शुल्क | प्रदेश आर्थिक ऐन बमोजिम |
| २ | स्टक प्रमाणित | १०० घनमिटर सम्म रु १००० <br> सो भन्दा माथि रु २००० |
| ३ | अन्य सिफारीस | रु २०० |
| ४ | फर्म दर्ता प्रतिलिपि | फर्म दर्ताको ५० प्रतिशत |
| ५ | कृषक समूह दर्ता | रु ८०० |
| ६ | कृषक समूह नविकरण | रु ४०० विलम्ब शुल्क आर्थिक ऐन अनुसार लिने |
| ७ | कवाडि निकासी शुल्क | प्रति जिप रु २५० |

**निर्णय नं. ८**

**सेवा करारमा कर्मचारी पदपूर्ति सम्बन्धमा:** यस रम्भा गाउँपालिका वडा नं. ३ मा नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह श्रेणीविहिन तह कार्यालय सहयोगी पदमा कार्यरत कर्मचारी श्री कृष्ण बहादुर पौडेल क्षेत्रीको मिति २०८०/०४/१५ गते ५८ बर्ष पूरा भई अनिवार्य अवकाश हुने हुदाँ अवकाश पछि रिक्त हुने पद पूर्तिको लागि विज्ञापन आह्वान गर्ने निर्णय गरियो। साथै संघिय सशर्त चालु अन्तर्गत कृषि स्नातकको लागि रु ५ लाख विनियोजन भएबमोजिम नेपाल कृषि सेवा कृषि स्नातक पद अधिकृत छैटौ तहमा सेवा करारमा कर्मचारी पदपूर्तिको लागि विज्ञापन आह्वान गर्ने निर्णय गरियो।

**बैठक नं. २** (बैठक संख्या ३५)

आज मिति २०८०/०४/१९ गतेका दिन यस गाउँपालिकाका अध्यक्ष श्री विष्णु प्रसाद भण्डारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको प्रस्ताव माथी छलफल गरी निर्णय गरियो ।

उपस्थिती :-

| क्र.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री विष्णु प्रसाद भण्डारी | |
| २ | उपाध्यक्ष | श्री राधा कुमारी श्रेष्ठ | |
| ३ | वडा अध्यक्ष १ | श्री ईश्वरी काफ्ले | |
| ४ | वडा अध्यक्ष २ | श्री चेत बहादुर सुनारी | |
| ५ | वडा अध्यक्ष ३ | श्री थमन बहादुर गाहा | |
| ६ | वडा अध्यक्ष ४ | श्री कृष्ण बहादुर रायमाझी | |
| ७ | वडा अध्यक्ष ५ | श्री खुमकान्त बस्याल | |
| ८ | सदस्य | श्री हिमा कुमारी सिंजाली | |
| ९ | सदस्य | श्री सरस्वती वि.क | |
| १० | सदस्य | श्री विमला जि.आर | |
| ११ | सदस्य | श्री नानु कुमारी गन्धर्व | |
| १२ | सदस्य | श्री भोज बहादुर वि.क. | |
| १३ | सदस्य | श्री नेत्र बहादुर वि.क. | |
| १४ | प्रमुख प्रशासकीय अधिकृत | श्री भक्त जङ्ग राना | |
| १५. | अधिकृत छैठौं | श्री विमला गिरि | |
| १६. | की.स. | श्री गंगा बि. गाहा | |
| | | | |
| | | | |
| | | | |

**निर्णय नं. १**

**प्राप्त पत्रबारे जानकारी तथा गत बैठकको समिक्षा सम्बन्धमा:** विभिन्न कार्यालयबाट प्राप्त पत्रहरु पढीवाची सुनाउने कार्य सम्पन्न भयो साथै अघिल्लो कार्यपालिका बैठकले गरेका निर्णयहरुको समेत समिक्षा गरियो ।

**निर्णय नं. २**

**कार्ययोजना स्वीकृत सम्बन्धमा:** रम्भा गाउँपालिकाको चालु आ.व. २०८०/०८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार विषयगत शाखाबाट प्राप्त बार्षिक कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

**बार्षिक समिक्षा बैठक सम्बन्धमा:** गत आ.व. २०७९/०८० को बार्षिक स्वीकृत योजना, कार्यक्रम तथा बजेट अनुसार संचालन भएका कार्यक्रम तथा बार्षिक वित्तिय तथा भौतिक प्रगतिको सम्बन्धमा कार्यपालिका सदस्य, गाउँसभा सदस्यहरु, कर्मचारी, बालक्लवका प्रमुख तथा प्रतिनिधि, राजनितीक दलका प्रमुख तथा प्रतिनिधि, स्थानीय पत्रकारहरु समेतको उपस्थितिमा मिति २०८०/०४/२६ गते ११ बजे बार्षिक समिक्षा बैठक आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

**निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिने सम्बन्धमा:** हाल कार्यरत प्रमुख प्रशासकीय श्री भक्तु जङ्ग रानाको मिति २०८०/०४/२० गतेदेखि अनिवार्य अवकाश लागु हुने हुदाँ आर्थिक कारोबार बाहेक दैनिक प्रशासनीक कार्य संचालनको लागि प्रमुख प्रशासकीय अधिकृत कार्यालयमा हाजिर नहुदाँसम्मको लागि ज्येष्ठताको आधारमा यस कार्यालयमा कार्यरत अधिकृतस्तर आठौं(लेखा अधिकृत) तहका कर्मचारी श्री पोष्टराज न्यौपानेलाई निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

**गाउँ विकास कोष(स्थापना र संचालन) विनियमावली,२०७५ संशोधन सम्वन्धमा:** यस रम्भा गाउँपालिकाको मिति २०७५ भाद्र ४ गतेको गाउँकार्यपालिकाको बैठकबाट पारित भई कार्यान्वन भएको रम्भा गाउँपालिका गाउँ विकास कोष(स्थापना र संचालन) विनियमावली, २०७५ मा उल्लेख भएको विनियमावलीलाई नियमावली बनाउने साथै नियम १८ र नियम २१ संशोधन गर्ने निर्णय गरियो ।

**वैठक नं. ३** (वैठक संख्या ३६

आज मिति २०८०/०४/२६ गतेका दिन यस गाउँपालिकाका अध्यक्ष श्री विष्णु प्रसाद भण्डारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिकाको वैठक बसी तपसिल बमोजिमको प्रस्ताव माथी छलफल गरी निर्णय गरियो ।

उपस्थिती :-

| क्र.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री विष्णु प्रसाद भण्डारी | |
| २ | उपाध्यक्ष | श्री राधा कुमारी श्रेष्ठ | |
| ३ | वडा अध्यक्ष १ | श्री ईश्वरी काफ्ले | |
| ४ | वडा अध्यक्ष २ | श्री चेत बहादुर सुनारी | |
| ५ | वडा अध्यक्ष ३ | श्री थमन बहादुर गाहा | |
| ६ | वडा अध्यक्ष ४ | श्री कृष्ण बहादुर रायमाझी | |
| ७ | वडा अध्यक्ष ५ | श्री खुमकान्त बस्याल | |
| ८ | सदस्य | श्री हिमा कुमारी सिंजाली | |
| ९ | सदस्य | श्री सरस्वती वि.क | सरस्वती |
| १० | सदस्य | श्री विमला जि.आर | विमला |
| ११ | सदस्य | श्री नानु कुमारी गन्धर्व | |
| १२ | सदस्य | श्री भोज बहादुर वि.क. | |
| १३ | सदस्य | श्री नेत्र बहादुर वि.क. | |
| १४ | नि.प्रमुख प्रशासकीय अधिकृत | श्री पोष्टराज न्यौपाने | |
| १५. | आमन्त्रित सदस्य | श्री विमला थापा | विमला |
| १६. | | | |
| | | | |
| | | | |
| | | | |

**निर्णय नं. १**

**प्राप्त पत्रबारे जानकारी तथा गत बैठकको समिक्षा सम्बन्धमा:** विभिन्न कार्यालयबाट प्राप्त पत्रहरु पढीवाची सुनाउने कार्य सम्पन्न भयो साथै अघिल्लो कार्यपालिका बैठकले गरेका निर्णयहरुको समेत समिक्षा गरियो ।

**निर्णय नं. २**

**कर्मचारी सम्मान सम्बन्धमा:** रम्भा गाउँपालिकाका विषयगत शाखाका कर्मचारीहरुको बैठकबाट उत्कृष्ट कर्मचारीहरुको सम्मानको लागि नाम सिफारीस भई आएका सर्वोत्कृष्ट कार्यसम्पादन गरि समग्र रम्भा गाउँपालिकाको विकासमा योगदान दिनुहुने तपसिल बमोजिमका कर्मचारीहरुलाई दोसल्ला, प्रमाणपत्र र प्रति व्यक्ति रु १०,०००।(कर सहित) सहित मिति २०८०/०४/२६ गते बिहान ११ बजेबाट संचालन हुने बार्षिक प्रगति समिक्षा कार्यक्रममा सम्मान गर्ने निर्णय गरियो ।

तपसिल:

- योजना शाखा प्रमुख अधिकृत छैटौ श्री धनिकला थापा
- रोजगार संयोजक श्री रबिन महर्जन
- सि.अ.हे.व. सहायकस्तर पाँचौ (फोक्सिङकोट स्वास्थ्य चौकी) श्री कोपिल बहादुर राना
- सब ईन्जिनियर श्री मुक्त बहादुर फाल
- हलुका सवारी चालक श्री नारायण भुषाल

**निर्णय नं. ३**

**कार्यविधि स्वीकृत सम्बन्धमा:** रम्भा गाउँपालिका र निजी तथा गैरसकारी क्षेत्रसँगको साझेदारीमा कार्यक्रम संचालन तथा व्यवस्थापन गर्न रम्भा गाउँपालिका गाउँसभाद्धारा निर्मित रम्भा गाउँपालिकाको साझेदारीमा कार्यक्रम संचालन तथा व्यवस्थापन गर्ने सम्बन्धी ऐन, २०७९ को अधिनमा रहि रम्भा गाउँपालिकाको साझेदारी कार्यक्रम संचालन कार्यविधी, २०८० स्वीकृत गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ४**

**कृषि तथा पशु विकास परियोजनाको लागि प्रस्तावना माग गर्ने सम्बन्धमा:** गाउँपालिकाको आ.व. २०८०/०८१ को विनियोजित बजेट भित्र रहि कृषि तथा पशु विकास कार्यक्रम साझेदारीमा संचालन गर्नका लागि आशयदाताहरुको छनौट प्रक्रिया अघि बढाउन खुला रुपमा सूचना आह्वान गरी प्रस्तावना माग गर्ने निर्णय गरियो ।

CamScanner

## बैठक नं. ४ (बैठक संख्या ३७)

आज मिति २०८०/०५/०६ गतेका दिन बिहान ८ बजे यस गाउँपालिकाका अध्यक्ष श्री विष्णु प्रसाद भण्डारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको प्रस्ताव माथी छलफल गरी निर्णय गरियो ।

उपस्थिती :-

| क्र.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री विष्णु प्रसाद भण्डारी | |
| २ | उपाध्यक्ष | श्री राधा कुमारी श्रेष्ठ | |
| ३ | वडा अध्यक्ष १ | श्री ईश्वरी काफ्ले | |
| ४ | वडा अध्यक्ष २ | श्री चेत बहादुर सुनारी | |
| ५ | वडा अध्यक्ष ३ | श्री थमन बहादुर गाहा | — |
| ६ | वडा अध्यक्ष ४ | श्री कृष्ण बहादुर रायमाझी | |
| ७ | वडा अध्यक्ष ५ | श्री खुमकान्त बस्याल | — |
| ८ | सदस्य | श्री हिमा कुमारी सिंजाली | |
| ९ | सदस्य | श्री सरस्वती वि.क | |
| १० | सदस्य | श्री विमला जि.आर | |
| ११ | सदस्य | श्री नानु कुमारी गन्धर्व | |
| १२ | सदस्य | श्री भोज बहादुर वि.क. | — |
| १३ | सदस्य | श्री नेत्र बहादुर वि.क. | |
| १४ | नि.प्रमुख प्रशासकीय अधिकृत | श्री पोष्टराज न्यौपाने | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**निर्णय नं. १**

**प्राप्त पत्रबारे जानकारी तथा गत बैठकको समिक्षा सम्बन्धमाः** विभिन्न कार्यालयबाट प्राप्त पत्रहरु पढीवाची सुनाउने कार्य सम्पन्न भयो साथै अघिल्लो कार्यपालिका बैठकले गरेका निर्णयहरुको समेत समिक्षा गरियो।

**निर्णय नं. २**

**सशर्त तर्फका कार्यक्रम कार्यान्वयन सम्बन्धमाः** आ.व. २०८०/०८१ को लागि सशर्त कार्यक्रम तर्फ स्वीकृत भई आएका कार्यक्रमहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्बन्धीत शाखालाई जिम्मेवार बनाउने निर्णय गरियो।

**निर्णय नं. ३**

**योजना संचालन सम्बन्धमाः**

क)आ.व. २०८०/०८१ को संघिय सरकारबाट विशेष तथा समपूरक कार्यक्रम तर्फ विनियोजन भई आएका तपसिल बमोजिमका योजनाहरु संचालनका लागि टेण्डर आह्वान गर्ने निर्णय गरियो।

- जनकल्याण मा.वि. भवन निर्माण रम्भा १- विशेष
- रम्भा देवी पर्यटन प्रवर्द्धन रम्भा ५- संघीय समपूरक
- औद्योगिक ग्राम निर्माण रम्भा १- विशेष

ख)आ.व. २०८०/०८१ को लागि स्वीकृत बार्षिक योजना कार्यान्वयनलाई अघि बढाउन उपभोक्ता समिति गठन गर्नु पर्ने योजनाको हकमा उपभोक्ता समिति गठन गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

**औषधि खरिद सम्बन्धमाः** गाउँसभाबाट आ.व. २०८०/०८१को लागि स्वीकृत विनियोजित बजेट र शसर्त तर्फको औषधि खरिद शिर्षकमा विनियोजित बजेटको अधिनमा रहि टेण्डर आह्वान गर्ने निर्णय गरियो।

**निर्णय नं. ५**

**पहुँच मार्ग मर्मत सम्बन्धमाः** लसुने ओमभञ्ज्याङ सडक खण्ड अन्तर्गत विभिन्न क्षेत्रमा बर्षातको समयमा पानीले खोलेको सडकको (गाउँपालिका पहुँच मार्ग) मर्मत कार्य प्राविधिकको समन्वयमा अघि बढाउने निर्णय गरियो।

**निर्णय नं. ६**

**सेवा करारमा कर्मचारी पदपूर्तिको लागि विज्ञापन आह्वान गर्ने सम्बन्धमाः** रम्भा गाउँपालिकाको स्वीकृत दरबन्दि तेरिज अनुसार गाउँपालिकामा नेपाल कृषि सेवा तर्फ रिक्त तपसिल बमोजिमका समूह, पद तथा तहमा सेवा करारमा कर्मचारी पदपूर्तिको लागि विज्ञापन आह्वान गर्ने निर्णय गरियो।

तपसिलः

| क्र.सं. | सेवा | समूह | पद/तह |
|---|---|---|---|
| १ | कृषि | कृषि(एकिकृत) | प्राविधिक सहायक/सहायकस्तर पाँचौ |
| २ | कृषि | ला.पो.डे.डे. | नायब पशु सेवा प्राविधिक/सहायकस्तर चौथो |

CamScanner

**वैठक नं. ५** **(वैठक संख्या ३८)**

आज मिति २०८०/०६/०४ गतेका दिन यस गाउँपालिकाका अध्यक्ष श्री विष्णु प्रसाद भण्डारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको प्रस्ताव माथी छलफल गरी निर्णय गरियो ।

उपस्थिती :-

| क्र.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री विष्णु प्रसाद भण्डारी | |
| २ | उपाध्यक्ष | श्री राधा कुमारी श्रेष्ठ | |
| ३ | वडा अध्यक्ष १ | श्री ईश्वरी काफ्ले | |
| ४ | वडा अध्यक्ष २ | श्री चेत बहादुर सुनारी | |
| ५ | वडा अध्यक्ष ३ | श्री थमन बहादुर गाहा | |
| ६ | वडा अध्यक्ष ४ | श्री कृष्ण बहादुर रायमाझी | |
| ७ | वडा अध्यक्ष ५ | श्री खुमकान्त वस्याल | |
| ८ | सदस्य | श्री हिमा कुमारी सिंजाली | |
| ९ | सदस्य | श्री सरस्वती वि.क | |
| १० | सदस्य | श्री विमला जि.आर | |
| ११ | सदस्य | श्री नानु कुमारी गन्धर्व | |
| १२ | सदस्य | श्री भोज बहादुर वि.क. | |
| १३ | सदस्य | श्री नेत्र बहादुर वि.क. | |
| १४ | प्रमुख प्रशासकीय अधिकृत | श्री ठाकुर प्रसाद अर्याल | |
| | लेखा अधिकृत आठौं | श्री पोष्टराज न्यौपाने | |
| | | | |
| | | | |
| | | | |
| | | | |

CS CamScanner

| | |
|---|---|
| ३ | रु ४ लाख |
| ४ | रु ३ लाख |
| ५ | रु ३ लाख |

**निर्णय नं. ८**

**कार्यविधि प्रमाणित सम्बन्धमा**: गाउँपालिकाबाट प्रदान गरिने आर्थिक सहायतालाई छिटो, छरितो, मितव्ययी एवं प्रभावकारी रुपमा प्रवाह गर्न रम्भा गाउँपालिकाको आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधी, २०८० स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ९**

**गाउँपालिकास्तरीय सेवा केन्द्र प्रमुख तोक्ने सम्बन्धमा**: रम्भा गाउँपालिकाभित्र रहेका अव्यवस्थित बसोबासी, भुमिहिन सुकुम्बासी र भूमिहिन दलितहरुको व्यवस्थापनका लागि निवेदकहरुको डाटा प्रविष्टि गर्ने प्रयोजनार्थ गाउँपालिकास्तरीय सेवा केन्द्र प्रमुखको रुपमा प्रमुख प्रशासकीय अधिकृत श्री ठाकुर प्रसाद अर्याललाई जिम्मेवारी दिने निर्णय गरियो।

**निर्णय नं. १०**

**निर्माण व्यवसायी ईजाजत पत्र प्रदान गर्ने सम्बन्धमा**:

यस गाउँपालिकामा पेश हुन आएका तपसिल बमोजिमको निर्माण व्यवसायीलाई रम्भा गाउँपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र वितरण सम्बन्धी कार्यविधि, २०७७ को पहिलो संशोधन समेतका आधारमा घ वर्ग निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो।

**तपसिल**:

| क्र सं | निर्माण व्यवसायी कम्पनीको नाम | प्रोपाइटरको नाम, ठेगाना |
|---|---|---|
| १ | कालीका विन्दवाशिनी कन्स्ट्रक्सन एण्ड ईञ्जिनियरिङ कन्सल्टेन्सी | सुजन बस्याल, रम्भा ५ ताँहु |

**निर्णय नं. ११**

**कार्यालय रंगरोगन तथा शौचालय व्यवस्थापन सम्बन्धमा**: प्राविधिक लागत बमोजिम पुंजीगत तर्फको छुटपुट खर्च शिर्षकबाट भुक्तानी हुने गरी कार्यालय रंगरोगन तथा शौचालय व्यवस्थापन कार्य अघि बढाउने निर्णय गरियो।

**निर्णय नं. १२**

**आँखा जाँच तथा चश्मा वितरण कार्यक्रम संचालनको लागि रकम विनियोजन सम्बन्धमा**: पाल्पा लायन्स लाकौल आँखा अस्पताल, तानसेन-३ भगवती टोल, पाल्पाको मिति २०८०/०६/०२ को पत्रानुसार अस्पतालको प्राविधिक सहयोगमा यस गाउँपालिकाका ५ वटै वडाका विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको निशुल्क आखाँ जाच तथा चश्मा वितरण कार्यक्रममा खटिने २ जना कर्मचारीहरुलाई खाना, नास्ता तथा बासको लागि रु २५,०००। छुटपुट चालु खर्च शिर्षकबाट व्यवस्था गर्ने निर्णय गरियो।

**निर्णय नं. १३**

**अनुमोदन सम्बन्धमा**: रम्भा गाउँपालिका गाउँकार्यपालिकामा कार्यरत कर्मचारीहरुको मिति २०८०/०५/१७ गतेको बैठकबाट गठित खरिद ईकाइ तथा मूल्यांकन समितिलाई अनुमोदन गर्ने निर्णय गरियो।

CamScanner

निर्णय नं. १

**प्राप्त पत्रबारे जानकारी तथा गत बैठकको समिक्षा सम्बन्धमा:** विभिन्न कार्यालयबाट प्राप्त पत्रहरु पढीवाची सुनाउने कार्य सम्पन्न भयो साथै अघिल्लो कार्यपालिका बैठकले गरेका निर्णयहरुको समेत समिक्षा गरियो ।

निर्णय नं. २

**स्वीकृत आयोजना संचालन तथा उपभोक्ता समितिको लागि अभिमुखिकरण कार्यक्रम संचालन सम्बन्धमा:** गाउँपालिकाको आ.व. २०८०/०८१ को लागि स्वीकृत बार्षिक कार्यक्रम तथा योजना संचालनको लागि २०८० असोज २० गतेभित्र उपभोक्ता समिति गठन गरी गाउँकार्यपालिकालाई जानकारी गराउने र तत्पश्चात तत्कालै उपभोक्ता समितिको लागि अभिमुखिकरण कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

**स्वीकृत कार्यक्रम संचालन सम्बन्धमा:** गाउँपालिकाको आ.व. २०८०/०८१ लागि स्वीकृत बार्षिक कार्यक्रमहरु तत्काल संचालनको लागि सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ४

**करार कर्मचारीको नियुक्ति अनुमोदन सम्बन्धमा:** रम्भा गाउँपालिकाको ३ नं. वडा कार्यालयमा रिक्त कार्यालय सहयोगी पदमा सेवा करारमा कर्मचारी नियुक्ति सम्बन्धी सूचना बमोजिम परीक्षा संचालन समितिबाट सिफारीस हुनुभएका उम्मेद्वार श्री उमिसरा बराललाई ३ नं. वडा कार्यालयमा सेवा करारमा नियुक्ति दिईएकोले उक्त नियुक्ति अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

**करार कर्मचारीहरुको नियुक्ति सम्बन्धमा:** गाउँपालिकाको विभिन्न मितिमा सेवा करारमा कर्मचारी पदपूर्तिका लागि प्रकाशित सूचना अनुसार तपसिल बमोजिमका सेवा समूह, पद र तहमा परीक्षा संचालन समितिबाट सिफारीस भई आएका तपसिल बमोजिमका उम्मेद्वारहरुलाई सेवा करारमा नियुक्ति दिने निर्णय गरियो ।

| क्र.सं. | सेवा/समूह | पद/तह | नाम थर र ठेगाना |
|---|---|---|---|
| १ | नेपाल कृषि | कृषि स्नातक/अधिकृतस्तर छैटौं | सौरभ वस्ताकोटी, तिलोत्तमा न.पा. ६ रुपन्देही |
| २ | नेपाल ईञ्जिनियरिङ/सिभिल | ईञ्जिनियर/अधिकृतस्तर छैटौ | दिपक कुमार सारु, रम्भा गा.पा. २ फोक्सिङकोट |

निर्णय नं. ६

**लक्षित वर्गका समन्वय समिति गठन गर्ने सम्बन्धमा:** आश्विन मसान्तभित्र सम्पूर्ण वडामा लक्षित वर्गका समन्वय समिति गठन गरी गाउँकार्यपालिकालाई जानकारी गराउने निर्णय गरियो ।

निर्णय नं. ७

**सडक मर्मत गर्ने सम्बन्धमा:** आउँदै गरेको दशै तथा तिहारलाई मध्यनजर गर्दै रम्भा गाउँपालिका भित्रका मोटरबाटोको खाल्डाखुल्डी पुर्ने र पहिरो हटाउने कार्यको लागि तपसिल बमोजिमका वडामा तपसिल बमोजिमको रकम सडक मर्मत कोषबाट भुक्तानी हुने गरी कार्य अघि बढाउने निर्णय गरियो ।

तपसिल:

| वडा नं. | विनियोजित रकम |
|---|---|
| १ | रु ४ लाख |
| २ | रु ४ लाख |

CamScanner

## बैठक नं. ६ (बैठक संख्या ३९)

आज मिति २०८० ०६ २३ गतेका दिन बिहान ८ बजे यस गाउँपालिकाका अध्यक्ष श्री विष्णु प्रसाद भण्डारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको प्रस्ताव माथी छलफल गरी निर्णय गरियो ।

उपस्थिती :-

| क्र.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री विष्णु प्रसाद भण्डारी | |
| २ | उपाध्यक्ष | श्री राधा कुमारी श्रेष्ठ | |
| ३ | वडा अध्यक्ष १ | श्री ईश्वरी काफ्ले | |
| ४ | वडा अध्यक्ष २ | श्री चेत बहादुर सुनारी | |
| ५ | वडा अध्यक्ष ३ | श्री थमन बहादुर गाहा | |
| ६ | वडा अध्यक्ष ४ | श्री कृष्ण बहादुर रायमाझी | |
| ७ | वडा अध्यक्ष ५ | श्री खुमकान्त बस्याल | |
| ८ | सदस्य | श्री हिमा कुमारी सिंजाली | |
| ९ | सदस्य | श्री सरस्वती वि.क | |
| १० | सदस्य | श्री विमला जि.आर | |
| ११ | सदस्य | श्री नानु कुमारी गन्धर्व | |
| १२ | सदस्य | श्री भोज बहादुर वि.क. | |
| १३ | सदस्य | श्री नेत्र बहादुर वि.क. | |
| १४ | प्रमुख प्रशासकीय अधिकृत | श्री ठाकुर प्रसाद अर्याल | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

CS CamScanner

**निर्णय नं. १**

**प्राप्त पत्रबारे जानकारी तथा गत बैठकको समिक्षा सम्बन्धमा:** विभिन्न कार्यालयबाट प्राप्त पत्रहरु पढीवाची सुनाउने कार्य सम्पन्न भयो साथै अघिल्लो कार्यपालिका बैठकले गरेका निर्णयहरुको समेत समिक्षा गरियो।

**निर्णय नं. २**

**आर्थिक सहायता सम्बन्धमा:** यस गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने तपसिल बमोजिमका व्यक्तिहरुले प्रहरी मुचुल्का, वडा कार्यालयको सिफारीस तथा बिरामी पूर्जा साथै अस्पतालको रिपोर्ट समेत संलग्न राखि आर्थिक सहायताको लागि निवेदन पेश गरेको हुदाँ निजहरुको अवस्था हेरी तपसिलको शिर्षकबाट तपसिल बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

**तपसिल**

| क्र.सं. | निवेदकको नाम थर ठेगाना | निवेदन मिति | दर्ता मिति | विषय | सहयोग रकम | शिर्षक |
|---|---|---|---|---|---|---|
| १ | सिता तिमल्सेना वडा नं. ३ | २०८०/०५/०८ | | पाठेघरमा समस्या भई औषधि उपचारको लागि | ७,५००। | अन्य सामाजिक सुरक्षा/गरिब परिवार सहायता शिर्षक |
| २ | मन बहादुर सिंजाली | २०८०/०५/०५ | २०८०/०५/०५ | मुटु रोगी भएको हुदाँ नियमित औषधि उपचार गर्न(अन्यत्रबाट भुक्तानी नभएको) | ७,५०० | अन्य सामाजिक सुरक्षा/गरिब परिवार सहायता शिर्षक |
| ३ | दान माया पाडे वडा नं. २ | २०८०/०३/२२ | २०८०/०३/२२ | लेमन सोमैको आमाको मृत्यु भएको र बुवा बौद्धिक रुपमा अपाङ्ग भएकोले बच्चाको लालनपालको लागि | ८,००० | अन्य सामाजिक सुरक्षा/गरिब परिवार सहायता शिर्षक |
| ४ | विकास सारु वडा नं. ४ | २०८०/०३/२२ | २०८०/०३/२२ | हात भाचिएको र पारिवारीक अवस्था कमजोर भएकोले | ५,००० | अन्य सामाजिक सुरक्षा/गरिब परिवार सहायता शिर्षक |
| ५ | गुन बहादुर राना | २०८०/०५/०७ | २०८०/०६/०४ | दुवै खुट्टा काटि उपचारको लागि | ८,००० | अन्य सामाजिक सुरक्षा/गरिब परिवार सहायता शिर्षक |
| ६ | कृष्ण बहादुर मश्राङ्गी वडा नं. १ | २०७९/०४/२६ | २०७९/०४/२९ | यस अघि नै का.पा. बैठकको निर्णय भई | ७,५०० | प्रकोप व्यवस्थापन कोष |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | भुक्तानी गरिएकोमा कार्यालयको खातामानै फिर्ता हुन आएकोले भुक्तानी दिने | | |
| ७ | श्री ७ रणउजिरेश्वरी भगवती गुठी व्यवस्थापन समिति | २०८०/०५/१७ | २०८०/०६/०२ | भगवतीको खटयात्रा संचालनको लागि | ८,०००। | आर्थिक सहायता शिर्षक |

**निर्णय नं. ३**

**शुभकामना सम्बन्धमा**: वि.सं. २०८० को विजयादशमी, शुभ दिपावली, छठपर्व र नेपाल सम्वतको सु-अवसरमा रम्भा गाउँपालिकाभित्रका देश विदेशमा रहनुहुने सम्पूर्ण महानुभावहरुलाई सु-स्वास्थ्य दिर्घायु, सुख समृद्धि र उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

**बाटो मर्मतको रकम भुक्तानी सम्बन्धमा**: गाउँकार्यपालिकाको मिति २०८०/०३/२१ को निर्णयअनुसार पन्टार स्वर्लेक देखि खोलाखेत मोटरबाटोको स्तरोन्नतिको क्रममा प्राविधिकको मूल्याकंन बमोजिमको रु६३,६००। भूक्तानी बाँकीमा राखिएकोमा उक्त सडक मर्मत गर्दा लागेको उल्लिखित रकम सडक मर्मत कोषबाट भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. ५**

**प्रस्तावना स्वीकृत तथा आर्थिक सहयोग सम्बन्धमा**: रम्भा गाउँपालिका वडा नं. १ असेर्दी स्पोर्टस क्लबले अध्यक्ष कप खुल्ला क्रिकेट प्रतियोगिता संचालनको लागि पेश गरेको प्रस्तावना लाई स्वीकृत गर्दै रम्भा गाउँपालिकाको आ.व. २०८०/०८१ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार खेलकुद कार्यक्रम (पालिका स्तरीय) शिर्षकबाट भुक्तानी हुने गरी २,५०,०००। आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. ६**

**करार कर्मचारी नियुक्ति अनुमोदन सम्बन्धमा**: यस गाउँपालिकामा रिक्त तपसिल बमोजिमको सेवा, समूह, तह र पदको लागि सेवा करारमा कर्मचारी नियुक्ति सम्बन्धी सूचना बमोजिम परीक्षा संचालन समितिबाट सिफारीस हुनुभएका तपसिल बमोजिमका कर्मचारीलाई सेवा करारमा नियुक्ति दिई वडा कार्यालयमा खटाउने निर्णय गरियो।

तपसिलः

| क्र.सं. | सेवा/समूह | पद/तह | नाम थर |
|---|---|---|---|
| १ | नेपाल कृषि | प्राविधिक सहायक/ सहायकस्तर पाँचौ | प्रतिमा देवकोटा |
| २ | नेपाल कृषि/ला.पो.डे.डे. | ना.प.से.प्रा. | शान्ति पल्ली दर्लामी |

**निर्णय नं. ७**

**जग्गा वर्गीकरण तथा वास प्लान तयार गर्ने सम्बन्धमा**: यस रम्भा गाउँपालिकाको जग्गा वर्गीकरण र वास प्लान तयार सम्बन्धी कार्यको लागि कोटेशन बिधिबाट परामर्श सेवा खरिद प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ८**

**शिक्षक सरुवा सम्बन्धमा**: विद्यालयको दोहोरो सहमतिको आधारमा अर्को व्यवस्था नभएसम्मको लागि श्री निशाना देवी आधारभूत विद्यालयका प्रा.वि. तृतिय श्रेणी स्थायी शिक्षक श्री सन्तोष तिमिल्सिनालाई रकमा देवी आ.वि. मा र भृकुटी प्रा.वि. रम्भा १ पाल्पाका प्रा.वि. तृतिय स्थायी शिक्षक श्री फत्त बहादुर घर्तिमगरलाई सोही तह र पदमा श्री निशाना देवी आधारभूत विद्यालय रम्भा ३, गरुङ्गामा काज सरुवा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

**कर्मचारी व्यवस्थापन सम्बन्धमा**: रम्भा गाउँपालिकाको दरबन्दी तेरिज अनुसार नेपाल प्रशासन सेवा, आ.ले.प. समूह, सहायकस्तर पाँचौ तह(पद संख्या १) रिक्त रही मिति २०७७/११/४ मा प्रदेश लोकसेवा आयोग लुम्बिनी प्रदेशमा माग गरि पत्राचार गरिएकोमा इस्मा गाउँपालिका, गुल्मी र यस गाउँपालिकाको दोहोरो सहमतिमा इस्मा गाउँपालिकामा आ.ले.प. सहायक, सहायकस्तर पाँचौ तहमा कार्यरत श्री हुमा खनाल(क.सं.नं. २३७००५) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाण्डौको मिति २०७८/०४/१९ च.नं. १११ को रमाना पत्रानुसार रमाना भई यस गाउँपालिकामा मिति २०७८/०४/२७ देखि हाजिर भई हालसम्म निरन्तर कामकाज गर्दै आएको हुदाँ यस गाउँपालिकामा उक्त पद रिक्त नरहेकोले कर्मचारी सिफारीस गरि नपठाउनुहुन मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय लुम्बिनी प्रदेश र प्रदेश लोकसेवा आयोग लुम्बिनी प्रदेशलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

**शोक प्रस्ताव सम्बन्धमा**: गाउँ कार्यपालिका सदस्य श्री नेत्र बहादुर वि.क. को ममतामयी आमा र इजरायलमा ज्यान गुमाएका नेपाली विद्यार्थीहरुप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्ने निर्णय गरियो ।

## वैठक नं. ७ (वैठक संख्या ४०)

आज मिति २०८०/०७/१९ गतेका दिन यस गाउँपालिकाका अध्यक्ष श्री विष्णु प्रसाद भण्डारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिकाको वैठक वसी तपसिल बमोजिमको प्रस्ताव माथी छलफल गरी निर्णय गरियो ।

उपस्थिती :-

| क्र.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री विष्णु प्रसाद भण्डारी | |
| २ | उपाध्यक्ष | श्री राधा कुमारी श्रेष्ठ | |
| ३ | वडा अध्यक्ष १ | श्री ईश्वरी काफ्ले | |
| ४ | वडा अध्यक्ष २ | श्री चेत बहादुर सुनारी | |
| ५ | वडा अध्यक्ष ३ | श्री थमन बहादुर गाहा | |
| ६ | वडा अध्यक्ष ४ | श्री कृष्ण बहादुर रायमाझी | |
| ७ | वडा अध्यक्ष ५ | श्री खुमकान्त बस्याल | |
| ८ | सदस्य | श्री हिमा कुमारी सिंजाली | |
| ९ | सदस्य | श्री सरस्वती वि.क | |
| १० | सदस्य | श्री विमला जि.आर | |
| ११ | सदस्य | श्री नानु कुमारी गन्धर्व | |
| १२ | सदस्य | श्री भोज बहादुर वि.क. | अनुपस्थित |
| १३ | सदस्य | श्री नेत्र बहादुर वि.क. | |
| १४ | प्रमुख प्रशासकीय अधिकृत | श्री ठाकुर प्रसाद अर्याल | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

CS CamScanner

निर्णय नं. १

**प्राप्त पत्रबारे जानकारी तथा गत बैठकको समिक्षा सम्बन्धमाः** विभिन्न कार्यालयबाट प्राप्त पत्रहरु पढीवाची सुनाउने कार्य सम्पन्न भयो साथै अघिल्लो कार्यपालिका बैठकले गरेका निर्णयहरुको समेत समिक्षा गरियो ।

निर्णय नं. २

**आर्थिक सहायता सम्बन्धमाः** यस गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने तपसिल बमोजिमका व्यक्तिहरुले प्रहरी मुचुल्का, वडा कार्यालयको सिफारीस तथा बिरामी पूर्जा साथै अस्पतालको रिपोर्ट समेत संलग्न राखि आर्थिक सहायताको लागि निवेदन पेश गरेको हुदाँ निजहरुको अवस्था हेरी तपसिलको शिर्षकबाट तपसिल बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | निवेदकको नाम थर ठेगाना | निवेदन मिति | दर्ता मिति | विषय | सहयोग रकम | शिर्षक |
|---|---|---|---|---|---|---|
| १ | नर बहादुर घर्ति मगर रम्भा ३, लुङ्करे | २०८०/०६/२९ | २०८०/०६/२९ | उपचारको लागि | ५,०००। | अन्य सामाजिक सुरक्षा/ गरिब परिवार सहायता शिर्षक |
| २ | राष्ट्रिय युवा संघ नेपाल प्रदेश कमिटि, लुम्बिनी | २०८०/०६/२५ | २०८०/०७/१९ | लुम्बिनी प्रदेश अधिवेशनको लागि | १०,०००। | आर्थिक सहायता |
| ३ | अखिल नेपाल महिला संघ, जिल्ला समिति, पाल्पा | २०८०/०७/१३ | २०८०/०७/२० | जिल्ला सम्मेलनको लागि | १०,०००। | आर्थिक सहायता |

निर्णय नं. ३

**कार्यविधी संशोधन सम्बन्धमाः**

१. उत्पादनमा आधारीत पशुपालन अनुदान वितरण कार्यविधी, २०७७ मा तपसिल बमोजिम संशोधन गर्ने;

- उत्पादनमा आधारीत पशुपालन अनुदान वितरण कार्यविधी, २०७७ बाट पशुपालन भन्ने शब्द झिक्ने
- उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि,२०७७ को परिच्छेद ३ १) मासुमा अनुदान भन्ने दफाको तपसिल बमोजिमको उपदफामा तपसिल बमोजिम संशोधन गर्ने

क) सहकारी वा समूहमा आवद्ध भएर वार्षिक १०० किलो वा सो भन्दा बढी खसी बोकाको जिउदो प्रणालीमा मासू विक्रि गरेमा प्रति के.जी रु ५० को सट्टा रु २५

ख) स्थानीय जातको कुखुराको मासु वार्षिक २५ के.जी वा सो भन्दा बढी जिउदो प्रणालीमा मासू विक्रि गरेमा प्रति के.जी रु ३० को सट्टा रु १५

ग) व्यक्तीगत व्यवसाय वा सहकारीमा आवद्ध भई वार्षिक कम्तीमा स्थानीय जातका कुखुराको २००० वटा वा सो भन्दा बढी अण्डा विक्री गरेमा प्रति गोटा रु ३ को सट्टा रु १.५

CamScanner

- **उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि , २०७७ परिच्छेद ३ को दफा २ मा संशोधन:** दुध उत्पादनमा अनुदान मा डेरी समूहमा आवद्ध भई मासिक रुपमा प्रति ६० लिटर वा सो भन्दा बढी दुध विक्रि गरेमा प्रति लिटर रु १० का दर को सट्टामा रु ५ **का** दरले अनुदान उपलब्ध गराइनेछ ।

- **उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि , २०७७ परिच्छेद ३ को ३ मा संरोधन:** माथि उल्लेखित काम गरे वापत सहकारी संस्थालाई प्रति लिटर दुध रु २ को सट्टामा रु **१** र मासूमा प्रति के.जी रु २ को सट्टामा **रु १** का दरले अनुदान उपलब्ध गराइनेछ।

- **उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि, २०७७** को परिच्छेद ३ अनुदान वितरणका क्षेत्रहरुको सुरुमा "कुनै पनि सहकारी संस्था, फर्म वा कम्पनीले गाउँपालिकासंग सम्झौता गरी गाउँपालिका भित्र उत्पादित कृषि तथा पशुजन्य उत्पादनहरु खरीद गरेबापत त्यस्ता सहकारी, संस्था, फर्म वा कम्पनीलाई प्रति इकाई दरले कार्यपालिकाको निर्णयका आधारमा अनुदान उपलब्ध गराईनेछ" भन्ने वाक्याशं थप गर्ने ।

२. **शिक्षा समिति गठन तथा संचालन कार्यविधी परिच्छेद २** (गाउँ शिक्षा समितिको गठन)मा उल्लिखित शिक्षा समितिको बुदाँ नं. ङ मा रहेको गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षकहरु मध्येबाट कम्तीमा १ जना महिला सहित शिक्षा समितिले मनोनित गरेको २ जना भन्ने वाक्याशंमा रहेको **स्थायी** शब्द झिक्ने।

**निर्णय नं. ४**

**सूचना प्रकाशन सम्बन्धमा:** उत्पादनमा आधारीत अनुदान वितरण कार्यविधी, २०७७ को पहिलो संशोधन को परिच्छेद २ बमोजिमको सम्झौताको लागि सूचना आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

**योजना कार्यान्वयन सम्बन्धमा:** रम्भा गाउँपालिकाको आ.व. २०८०/०८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका योजनाहरुको टेण्डर प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

- सहदिखोला, रानीबास किटेनी झोकेदी मो.वा.- रु ५० लाख
- लसुने ओमभञ्ज्याङ देउराली मो.वा. रम्भा ३, ५- रु ५० लाख
- धोवादी मार्सिडाँडा लिनमुनी कुडुले चौपारी हुँदै बेलटारी जाने मो.वा. वार्ड नं. ५, ४ र ३- रु ५० लाख

**निर्णय नं. ६**

**विज्ञान प्रयोगशाला तथा पुस्तकालय निर्माण सम्बन्धमा:** प्रधानाध्यापकहरुको बैठकबाट समेत निर्णय भई आएकोले कालीगण्डकी गुरुकुलम रम्भा १ हुँगिमा विज्ञान प्रयोगशाला र रविकिरण मा.वि. रम्भा ३ मा पुस्तकालय स्थापनाको लागि शसर्त अनुदान तर्फको विद्यालयमा शैक्षीक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गतको विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान शिर्षक र विद्यालयमा पुस्तकालय तथा व्यवस्थापन (फिक्सिङ, किताब खरिद तथा इ-पुस्तकालय समेत) शिर्षकबाट प्राप्त रकम उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner

**निर्णय नं. ७**

**विद्यालय कर्मचारी पदपूर्ति सम्बन्धमा:** कालीगण्डकी गुरुकुलम रम्भा १ हुँगिमा रिक्त विद्यालय कर्मचारी सशर्त अनुदानबाट पारीश्रमिक भुक्तानी हुने गरी पदपूर्तिको प्रक्रिया अघि बढाउने निर्णय गरियो।

**निर्णय नं. ८**

**गाउँ शिक्षा समितिमा पदाधिकारी मनोनयन सम्बन्धमा:** शिक्षा समिति गठन तथा उक्त समितिको काम, कर्तव्य र अधिकार सम्बन्धित जारी गरेको कार्यविधि, २०७५ को दोश्रो संशोधन को परिच्छेद २ बमोजिमको गाउँ शिक्षा समितिमा तपसिल बमोजिमका पदाधिकारी समेत सम्मिलित गरी उक्त समितिलाई पूर्णता दिने निर्णय गरियो।

क)बुदाँ नं. ख को सम्बन्धमा उपाध्यक्ष श्री राधा कुमारी श्रेष्ठ र ३ नं. वडा अध्यक्ष श्री थमन बहादुर गाहा

**निर्णय नं. ९**

**सडक मर्मतको रकम भुक्तानी सम्बन्धमा:** यस गाउँपालिकाको आदेश बमोजिम यस रम्भा गाउँपालिकाको तपसिल बमोजिमको ठाउँ तथा वडामा बर्षातको समयमा सडक मर्मतको कार्य गरेबापत प्राविधिकको मुल्याकंन बमोजिम कायम हुन आएको रकम सडक मर्मत कोषबाट भुक्तानी दिने निर्णय गरियो।

तपसिल

| क्र.सं. | कन्स्ट्रक्सनको नाम, ठेगाना | कार्य | भुक्तानी हुनुपर्ने रकम रु | शिर्षक |
|---|---|---|---|---|
| १ | पोख्रेल कन्स्ट्रक्सन, रामपुर, पाल्पा | १ नं. वडाको कालीगण्डकी कोरिडोर देखि हुँगीघाट पुलसम्म | ४२,०००। | सडक मर्मत शिर्षक |
| २ | फुरुङ्दी कन्स्ट्रक्सन प्रा.लि., रम्भा ५ फुरुङ्दी | ४ नं. वडाका गाबुडाँडा, धाम कच्ची सडकहरु | ६४,०००। | |
| ३ | फुरुङ्दी कन्स्ट्रक्सन प्रा.लि. रम्भा ५ फुरुङ्दी | ५ नं. वडाका बिभिन्न स्थानको मो.वा.सरसफाई | ६४,०००। | |
| ४ | रिमिघा निर्माण सेवा प्रा.लि. रम्भा गा.पा. ३, पाल्पा | २ नं. वडाका विभिन्न स्थानको मो.वा. सरसफाई | ६,१७,०००। | |

**निर्णय नं. १०**

**वि.व्य.स. अध्यक्ष तथा प्र.अ. हरुको तालिमको क्षमता विकास सम्बन्धी प्रस्तावना स्वीकृत गर्ने सम्बन्धमा:** शिक्षा शाखाबाट रम्भा गाउँपालिका र रिड नेपालको साझेदारीमा प्र.अ. र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुको मिति २०८०/०७/२१ गतेदेखि कालीगण्डकी गुरुकुलम रम्भा १ हुँगीमा संचालन हुने क्षमता विकास तालिमको प्रस्तावना स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ११**

**सूचना प्रवाह सम्बन्धी पेश भएका प्रस्तावना सम्बन्धमा:** यस गाउँपालिकाको विकास निर्माण, सेवा प्रवाह, सुशासन, योजना तथा समग्र गाउँपालिकाको हरेक विषयसँग सम्बन्धित सवालहरुलाइ आम जनताबिच सम्प्रेषण गरि पारदर्शी गाउँपालिका निर्माण गर्ने उद्देश्यले चालु आ.व. ०८०/०८१ को आषाढ मसान्तसम्म गाउँपालिकामा सामुदायिक रेणियो मदनपोखराले पेश गरेको प्रस्ताव स्वीकृत गरी कार्यक्रम संचालन गरेबापत रु ७५,०००(पचहत्तर हजार) भुक्तानी हुने गरी कार्यक्रम अघि बढाउने निर्णय गरीयो।

CamScanner

**निर्णय नं. १२**

**अध्ययन अवलोकन भ्रमण सम्बन्धमा**: कर्मचारीहरुको क्षमता विकास गर्ने उद्देश्य स्वरुप बार्षिक नीति तथा कार्यक्रममा समावेश क्षमता विकास कार्यक्रमलाई कार्यान्वयन गर्ने अभिप्राय अनुसार रम्भा गाउँपालिका भित्रका विद्यालयहरुका प्र.अ. र रम्भा गाउँपालिकाका कर्मचारीहरुबाट अध्ययन अवलोकनको लागि पेश भएको प्रस्तावना स्वीकृत गरी प्रधानाध्यापकहरुको भ्रमणको लागि अध्ययन अवलोकन भ्रमण शिर्षकबाट रु २,००,०००। बजेट व्यवस्थापन गर्ने निर्णय गरियो।

**निर्णय नं. १३**

**र्याफ्टिङ सामाग्री हस्तान्तरण सम्बन्धमा**: कालीगण्डकी नदिमा र्याफ्टिङ संचालन गरी गाउँपालिकाभित्रको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले अघिल्लो आ.व. २०७९/०८० मा खरीद गरिएको र्याफ्टिङ सामाग्री यस गाउँपालिकामा उक्त सामाग्री सञ्चालन गर्ने सक्षम अन्य संघ संस्था समेत नभएको हुदाँ रम्भा एडभेन्चर प्रा.लि. रम्भा १ हुँगी लाई बार्षिक रोयल्टी रु ५,०००। गाउँपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गर्ने गरी सामाग्री हस्तान्तरण गर्ने निर्णय गरियो।

**निर्णय नं. १४**

**माईक्रोस्कोप खरिद सम्बन्धमा**: ताँहु प्राथमिक स्वास्थ्य केन्द्रको लागि राष्ट्रिय क्षयरोग कार्यक्रममा sputum परीक्षणको लागि cx-23 microscope खरिद प्रकृयाको लागि आवश्यक रकम छुटपुट चालु खर्च शिर्षकबाट व्यवस्थापन गर्ने निर्णय गरियो।

**निर्णय नं. १५**

**पार्श्वचित्र सम्बन्धमा**: रम्भा गाउँपालिकाको डिजिटल पार्श्वचित्र निर्माणको क्रममा संकलित तथ्याकंको सम्बन्धमा जानकारी गराइयो।

**निर्णय नं. १६**

**सडक मापदण्ड सम्बन्धमा**: रम्भा गाउँपालिका भित्र रहेका सम्पूर्ण मुख्य सडक, शाखा सडक, भित्री सडक र गल्ली सडक समेतको मापदण्ड समेटी तयार पारिएको रम्भा गाउँपालिकाको सडक मापदण्ड, २०८० पारीत गर्ने निर्णय गरियो।

**निर्णय नं. १७**

नागरिक आरोग्यता केन्द्र, रम्भा १ हुँगिमा शिरोधारा संचालनको लागि आवश्यक रकम छुटपुट चालु खर्च शिर्षकबाट व्यवस्थापन गर्ने निर्णय गरियो।

**निर्णय नं. १८**

**कर्मचारी पदपूर्ति सम्बन्धमा**: रम्भा गाउँपालिका स्वास्थ्य चौकी तर्फ ताँहु प्राथमिक स्वास्थ्य केन्द्रमा रिक्त नेपाल स्वास्थ्य सेवा, सहायकस्तर चौथो तह, ल्याव असिष्टेन्ट पद पदपूर्तिको प्रक्रिया अघि बढाउने निर्णय गरियो।

**निर्णय नं. १९**

**शोक प्रस्ताव सम्बन्धमा**: मिति २०८० कार्तिक १७ गतेका दिन राति ११:४७ बजे जाजरकोटको बारेकोट गाउँपालिका वडा नं. १ रामीडाँडा केन्द्रविन्दु बनाई आएको ६.४ रेक्टर स्केलको भूकम्पबाट जाजरकोट, रुकुम पश्चिम र सल्यान सहितका जिल्लामा मृत्यु भएका नागरिकहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक शन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दै घाइतेहरुमा शिघ्र स्वास्थ्य लाभको कामना व्यक्त गर्ने निर्णय गरियो।

**बैठक नं. ८** **(बैठक संख्या ४१)**

आज मिति २०८०/०८/०४ गतेका दिन यस गाउँपालिकाका अध्यक्ष श्री विष्णु प्रसाद भण्डारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको प्रस्ताव माथी छलफल गरी निर्णय गरियो ।

उपस्थिती :-

| क्र.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री विष्णु प्रसाद भण्डारी | |
| २ | उपाध्यक्ष | श्री राधा कुमारी श्रेष्ठ | |
| ३ | वडा अध्यक्ष १ | श्री ईश्वरी काफ्ले | |
| ४ | वडा अध्यक्ष २ | श्री चेत बहादुर सुनारी | |
| ५ | वडा अध्यक्ष ३ | श्री थमन बहादुर गाहा | |
| ६ | वडा अध्यक्ष ४ | श्री कृष्ण बहादुर रायमाझी | |
| ७ | वडा अध्यक्ष ५ | श्री खुमकान्त बस्याल | |
| ८ | सदस्य | श्री हिमा कुमारी सिंजाली | |
| ९ | सदस्य | श्री सरस्वती वि.क | |
| १० | सदस्य | श्री विमला जि.आर | |
| ११ | सदस्य | श्री नानु कुमारी गन्धर्व | |
| १२ | सदस्य | श्री भोज बहादुर वि.क. | |
| १३ | सदस्य | श्री नेत्र बहादुर वि.क. | |
| १४ | प्रमुख प्रशासकीय अधिकृत | श्री ठाकुर प्रसाद अर्याल | |
| १५. | अधिकृत छैटौं | श्री विमला गैहे | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**निर्णय नं. १**

**प्राप्त पत्रबारे जानकारी तथा गत बैठकको समिक्षा सम्बन्धमा**: विभिन्न कार्यालयबाट प्राप्त पत्रहरु पढीवाची सुनाउने कार्य सम्पन्न भयो साथै अघिल्लो कार्यपालिका बैठकले गरेका निर्णयहरुको समेत समिक्षा गरियो ।

**निर्णय नं. २**

**आर्थिक सहायता सम्बन्धमा**: यस गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने तपसिल बमोजिमका व्यक्तिहरुले प्रहरी मुचुल्का, वडा कार्यालयको सिफारीस तथा बिरामी पूर्जा साथै अस्पतालको रिपोर्ट समेत संलग्न राखि आर्थिक सहायताको लागि निवेदन पेश गरेको हुदाँ निजहरुको अवस्था हेरी तपसिलको शिर्षकबाट तपसिल बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | निवेदकको नाम थर ठेगाना | निवेदन मिति | दर्ता मिति | विषय | सहयोग रकम | शिर्षक |
|---|---|---|---|---|---|---|
| १ | राष्ट्रिय लोक तथा दोहोरी गित प्रतिष्ठान नेपाल जिल्ला कार्यसमिति पाल्पा, बगनासकाली ५ | २०८०/०७/१९ | २०८०/०७/१९ | आर्थिक सहायता सम्बन्धमा | १५,०००।- | आर्थिक सहायता |
| २ | सन्तोष भट्टराईको छोरा शिशिर भट्टराई रम्भा १ | २०८०/०७/२३ | २०८०/०८/०४ | उपचार खर्च | ८,०००।- | अन्य सामाजिक सुरक्षा/ गरिब परिवार सहायता शिर्षक |
| ३ | खिमानन्द अर्याल रम्भा ३ | | | गोठ जलेर नष्ट भएको | ७,५००।- | विपद व्यवस्थापन |
| ४ | मोहन थापा मगर बगनासकाली गा.पा. ३ | २०८०/०६/१९ | | बिरामी बुहारी श्री दुर्गा सरा कुवरको क्यान्सर उपचारको लागि | ८,०००।- | अन्य सामाजिक सुरक्षा/ गरिब परिवार सहायता शिर्षक |

**निर्णय नं. ३**

**नदिजन्य पदार्थ(ढुङ्गा गिट्टि बालुवा) निकासी सम्बन्धमा**: नदिजन्य प्राकृतिक श्रोत (ढुङ्गा, गिटि, वालुवा (कच्चा निर्माण सामाग्री)) आदि निकासीको लागि सालिन्दा नदि तथा खोलाले बगाएर ल्याउने नदिजन्य पदार्थहरुको उपयोग नहुदाँ नदि तथा खोलाले बाटो बदल्ने र धनजनको समेत क्षति हुने हुदाँ यस रम्भा गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन समेतलाई आधार मानेर प्राकृतिक श्रोतको चोरी निकासी समेतलाई रोकी स्थानिय स्तरका पूर्वाधार निर्माणलाई गतिसिलता प्रदान गर्नको लागि प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन(प्रदेश आर्थिक ऐन, २०८०)मा तोके बमोजिमको दररेट तथा यस गाउँपालिकाको नदिजन्य पदार्थ तथा प्राकृतिक श्रोत निकासी कार्यविधि, २०७६ (पहिलो संशोधन समेत)लाइ टेकी हेभि इक्युपमेन्ट प्रयोग नगरी, कर्मचारीको व्यवस्था गरी निकासी हुने क्षेत्रका बाटोलाइ गाउँपालिकाले नै व्यवस्थापन गर्ने गरी संक्षिप्त वातावरणीय अध्ययन पुरा गरेका विभिन्न घाट तथा

CamScanner

खोलाहरुबाट अमानतमा नदिजन्य पदार्थ(ढुङगा, गिटि, बालुवा (कच्चा निर्माण सामाग्री)) निकासी कार्यलाई अगाडि बढाउने निर्णय गरीयो ।

**निर्णय नं. ४**

**योजना कार्यान्वयन सम्बन्धमा**: रम्भा गाउँपालिकाको आ.व. २०८०/०८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका योजनाहरुको टेण्डर प्रक्रिया अघि बढाउने निर्णय गरियो।

- रम्भा मा.वि.भवन निर्माण रम्भा ५
- रम्भा देवि पर्यटन प्रवर्द्धन रम्भा ५

**निर्णय नं. ५**

गाउँपालिकाको आ.व. २०८०/०८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसारको पशुपन्छि विमा कार्यक्रम प्रक्रियागत रुपमा अघि बढाउने निर्णय गरियो।

**निर्णय नं. ६**

**एकिकृत घुम्ती शिविर संचालन सम्बन्धमा**: गाउँगाउँमा सिंहदरबार भन्ने मूल नारालाई साकार रुप दिने अभिप्रायले गाउँपालिकाबाट प्रवाह हुने अधिकतम सेवाहरु पालिकाभित्रका प्रत्येक वडाबाट सम्पादन गरी नागरिक सन्तुष्टि अभिवृद्धि गर्न मिति २०८०/०८/२६ गतेदेखि २०८०/०८/३० गतेसम्म प्रत्येक वडामा १ दिन उपस्थित हुने गरी एकिकृत घुम्ती शिविर संचालन गर्ने निर्णय गरियो।

**निर्णय नं. ७**

**सार्वजनिक सुनुवाई कार्यक्रम संचालन सम्बन्धमा**: आ.व. २०८०/०८१ को हालसम्ममा गाउँपालिका र अन्तर्गतका कार्यालयबाट सम्पादित बार्षिक कार्यक्रम र विकास आयोजना, सुशासन तथा सेवा प्रवाहको प्रभावकारीता र अवस्थाका सम्बन्धमा आमनागरिकलाई जानकारी गराउने साथै जनगुनासो समेतको सम्बोधन गर्ने उद्देश्यले मिति २०८०/०८/२४ गतेका दिन सार्वजनिक सुनुवाइ गर्ने निर्णय गरियो।

**निर्णय नं. ८**

**प्रथम चौमासिक आय व्यय प्रगति सम्बन्धमा**: चालु आ.व. ०८०/०८१ को प्रथम चौमासिक आय व्यंय विवरणका सम्बन्धमा जानकारी गराइयो । प्रथम चौमासिकमा अनुमानित आयको २७.०७% मात्र आम्दानी प्राप्त भएको छ भने अनुमानित व्यय को जम्मा १३.७१% खर्च रहेकोमा चालु तर्फ १८.५३% र पुँजीगत तर्फ ३.१% खर्च भएको देखिन्छ।

## वैठक नं. ९ (वैठक संख्या ४२)

आज मिति २०८० ०८ २६ गतेका दिन यस गाउँपालिकाका अध्यक्ष श्री विष्णु प्रसाद भण्डारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिकाको वैठक वसी तपसिल वमोजिमको प्रस्ताव माथी छलफल गरी निर्णय गरियो ।

उपस्थिती :-

| क्र.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री विष्णु प्रसाद भण्डारी | |
| २ | उपाध्यक्ष | श्री राधा कुमारी श्रेष्ठ | |
| ३ | वडा अध्यक्ष १ | श्री इंश्वरी काफ्ले | |
| ४ | वडा अध्यक्ष २ | श्री चेत बहादुर सुनारी | |
| ५ | वडा अध्यक्ष ३ | श्री थमन बहादुर गाहा | |
| ६ | वडा अध्यक्ष ४ | श्री कृष्ण बहादुर रायमाझी | |
| ७ | वडा अध्यक्ष ५ | श्री खुमकान्त बस्याल | |
| ८ | सदस्य | श्री हिमा कुमारी सिंजाली | |
| ९ | सदस्य | श्री सरस्वती वि.क | |
| १० | सदस्य | श्री विमला जि.आर | |
| ११ | सदस्य | श्री नानु कुमारी गन्धर्व | |
| १२ | सदस्य | श्री भोज बहादुर वि.क. | |
| १३ | सदस्य | श्री नेत्र बहादुर वि.क. | |
| १४ | प्रमुख प्रशासकीय अधिकृत | श्री ठाकुर प्रसाद अर्याल | |
| १५ | लेखा अधिकृत | श्री पोष्टराज चौधरी | |
| १६ | अमिन | श्री जयप्रकाश लुहार | |
| १७ | कम्प्युटर अपरेटर | श्री शिवराज पाण्डे | |
| | | | |
| | | | |

**निर्णय नं. १**

**प्राप्त पत्रबारे जानकारी तथा गत बैठकको समिक्षा सम्बन्धमा:** विभिन्न कार्यालयबाट प्राप्त पत्रहरु पढीवाची सुनाउने कार्य सम्पन्न भयो साथै अघिल्लो कार्यपालिका बैठकले गरेका निर्णयहरुको समेत समिक्षा गरियो ।

**निर्णय नं. २**

**भू उपयोग योजना स्वीकृत गर्ने सम्बन्धमा:** भू-उपयोग ऐन, २०७६ को दफा २० मा व्यवस्था भएबमोजिमको स्थानीय भू-उपयोग कार्यान्वयन समितिबाट पेश भएको रम्भा गाउँपालिकाको भू-उपयोग योजना स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

**आ.व. २०७९/०८० को प्रारम्भिक लेखा परीक्षण प्रतिवेदनका सम्बन्धमा:** यस गाउँपालिकाको आ.व. २०७९/०८० को अन्तिम लेखा परीक्षणको प्रारम्भिक प्रतिवेदनमाथि छलफल गरियो ।

**निर्णय नं. ४**

**योजना कार्यान्वयनका सम्बन्धमा:** गाउँपालिकाको आ.व. २०८०/०८१ को निती, कार्यक्रम तथा योजना अनुसार हालसम्म कार्यान्वयनमा आएका योजनाहरुको सम्बन्धमा छलफल गरियो साथै बाँकी योजनाहरु तत्काल कार्यान्वयनमा लैजानको लागि सबैले आ-आफ्नो ठाउँबाट पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

**खानिखोला लिफ्टिङ खानेपानी आयोजनाको लागि मोटर लगायतका सामाग्री खरिद गर्ने सम्बन्धमा:** यस रम्भा गाउँपालिका वडा नं २ मा अवस्थित खानिखोला लिफ्टिङ खानेपानी आयोजनाको लागि मोटर लगायत सामाग्री आवश्यक रहेको भनि वडा कार्यालय समेतबाट सिफारीस भई आएको हुदाँ प्राविधिक इस्टिमेट गरी खानेपानी समितिलाई उपलब्ध गराइ प्राप्त इस्टिमेटमा नबढ्ने गरी प्राप्त बिल भर्पाई अनुसारको रकम छुटपुट तथा आकस्मिक योजनाहरु(पुँजीगत प्रकृतिका) खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

## वैठक नं. १० (वैठक संख्या ४३)

आज मिति २०८०/०९/०४ गतेका दिन यस गाउँपालिकाका अध्यक्ष श्री विष्णु प्रसाद भण्डारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिकाको वैठक बसी तपसिल बमोजिमको प्रस्ताव माथी छलफल गरी निर्णय गरियो ।

उपस्थिती :-

| क्र.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री विष्णु प्रसाद भण्डारी | |
| २ | उपाध्यक्ष | श्री राधा कुमारी श्रेष्ठ | |
| ३ | वडा अध्यक्ष १ | श्री ईश्वरी काफ्ले | |
| ४ | वडा अध्यक्ष २ | श्री चेत बहादुर सुनारी | |
| ५ | वडा अध्यक्ष ३ | श्री थमन वहादुर गाहा | |
| ६ | वडा अध्यक्ष ४ | श्री कृष्ण बहादुर रायमाझी | |
| ७ | वडा अध्यक्ष ५ | श्री खुमकान्त बस्याल | |
| ८ | सदस्य | श्री हिमा कुमारी सिंजाली | |
| ९ | सदस्य | श्री सरस्वती वि.क | |
| १० | सदस्य | श्री विमला जि.आर | |
| ११ | सदस्य | श्री नानु कुमारी गन्धर्व | |
| १२ | सदस्य | श्री भोज वहादुर वि.क. | |
| १३ | सदस्य | श्री नेत्र वहादुर वि.क. | |
| १४ | प्रमुख प्रशासकीय अधिकृत | श्री ठाकुर प्रसाद अर्याल | |
| १५. | अधिकृत छैठौं | श्री विमला गैह्रे | |
| | | | |
| | | | |
| | | | |
| | | | |

CS CamScanner

**निर्णय नं. १**

**प्राप्त पत्रबारे जानकारी तथा गत बैठकको समिक्षा सम्बन्धमाः** विभिन्न कार्यालयबाट प्राप्त पत्रहरु पढीवाची सुनाउने कार्य सम्पन्न भयो साथै अघिल्लो कार्यपालिका बैठकले गरेका निर्णयहरुको समेत समिक्षा गरियो ।

**निर्णय नं. २**

**योजना कार्यान्वयन सम्बन्धमाः** आ.व. २०८०/०८१ को लागि बार्षिक स्वीकृत कार्यक्रम तथा योजना अनुसार टेण्डर प्रक्रियाबाट कार्यान्वयनमा रहेका साथै सम्झौता भएका योजनाहरुको सम्बन्धमा जानकारी गराइयो ।

**निर्णय नं. ३**

**सडक निर्माण सम्बन्धमाः**

रम्भा गाउँपालिका १ नं. वडामा रहेको हुँगिघाटमा अत्यधिक मात्रामा नदिजन्य पदार्थ रहेको र सोको कानुन बमोजिम निकासी गरि आन्तरिक आम्दानी गर्ने प्रयोजनार्थ हुँगिघाट जाने निर्माणाधिन सडक पूरा गर्नको लागि छुटपुट पुँजिगत खर्च शिर्षकबाट ३ लाख व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

**निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धमाः** यस गाउँपालिकामा पेश हुन आएका तपसिल बमोजिमको निर्माण व्यवसायीलाई रम्भा गाउँपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धी कार्यविधि, २०७७ को पहिलो संशोधन समेतका आधारमा घ वर्ग निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

**तपसिलः**

| क्र सं | निर्माण व्यवसायी कम्पनीको नाम | प्रोपाइटरको नाम, ठेगाना |
|---|---|---|
| १ | पूजा निर्माण सेवा | पूजा कार्की, रम्भा ५ ताँहु |

**निर्णय नं. ५**

**अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त सुझाव सम्बन्धमाः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०८०/०७/१६ गतेको २२ बुँदे सुझाव कार्यान्वयन गर्ने सम्बन्धमा जारी विज्ञप्ति माथि बुदाँगत छलफल गरियो साथै उक्त सुझाव कार्यान्वयन गर्दै जाने विषयमा प्रतिवद्धता व्यक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

**हिउँदे गाउँसभाका सम्बन्धमाः**

मिति २०८०/०९/२६ गते बिहान ११ बजे रम्भा गाउँपालिकाको सभा हलमा हिउँदे गाउँसभा गर्ने निर्णय गरियो ।

**वैठक नं. ११** (वैठक संख्या ४४)

आज मिति २०८०/०९/१८ गतेका दिन यस गाउँपालिकाका अध्यक्ष श्री विष्णु प्रसाद भण्डारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको प्रस्ताव माथी छलफल गरी निर्णय गरियो ।

उपस्थिती :-

| क्र.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री विष्णु प्रसाद भण्डारी | [signature] |
| २ | उपाध्यक्ष | श्री राधा कुमारी श्रेष्ठ | ——— |
| ३ | वडा अध्यक्ष १ | श्री ईश्वरी काफ्ले | [signature] |
| ४ | वडा अध्यक्ष २ | श्री चेत बहादुर सुनारी | [signature] |
| ५ | वडा अध्यक्ष ३ | श्री थमन बहादुर गाहा | [signature] |
| ६ | वडा अध्यक्ष ४ | श्री कृष्ण बहादुर रायमाझी | [signature] |
| ७ | वडा अध्यक्ष ५ | श्री खुमकान्त बस्याल | [signature] |
| ८ | सदस्य | श्री हिमा कुमारी सिंजाली | [signature] |
| ९ | सदस्य | श्री सरस्वती वि.क | ——— |
| १० | सदस्य | श्री विमला जि.आर | [signature] |
| ११ | सदस्य | श्री नानु कुमारी गन्धर्व | [signature] |
| १२ | सदस्य | श्री भोज वहादुर वि.क. | [signature] |
| १३ | सदस्य | श्री नेत्र वहादुर वि क. | [signature] |
| १४ | प्रमुख प्रशासकीय अधिकृत | श्री ठाकुर प्रसाद अर्याल | [signature] |
| १५. | अधिकृत छैटौं | श्री विमला गैह्रे | [signature] |
| | | | |
| | | | |
| | | | |
| | | | |

**निर्णय नं. १**

**प्राप्त पत्रबारे जानकारी तथा गत बैठकको समिक्षा सम्बन्धमा:** विभिन्न कार्यालयबाट प्राप्त पत्रहरु पढीवाची सुनाउने कार्य सम्पन्न भयो साथै अघिल्लो कार्यपालिका बैठकले गरेका निर्णयहरुको समेत समिक्षा गरियो ।

**निर्णय नं २**

**उत्पादनमा आधारीत अनुदान सम्बन्धमा:**

गाउँपालिकाको उत्पादनमा आधारीत अनुदान वितरण सम्बन्धी कार्यविधि,२०७७ को पहिलो संशोधन बमोजिम गाउँपालिकाले आह्वान गरेको सूचना अनुसार तोकिएको मितिभित्र निवेदन पेश गरेका तपसिल बमोजिमका संस्थाहरुको प्रस्तावना स्वीकृत गरी प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

१) श्री पिपलडाँडा सामाजिक उद्यमी महिला सहकारी संस्था रम्भा ३ पिपलडाँडा

२) श्री लालीगुरासँ दुग्ध संकलन केन्द्र रम्भा ४ पाल्पा

३) श्री रम्भादेवि महिला बहुउद्देश्यिय सहकारी संस्था रम्भा ५ ताँहु

४) लङ्का फर्म हाउस रम्भा ४ बगचौर

५) उपहार सामाजिक उद्यमी महिला सहकारी संस्था रम्भा २

६) रम्भा देवि साना किसान कृषि सहकारी संस्था रम्भा १ हुँगी

७) अगाँहाखोला शाहारा कृषि सहकारी संस्था रम्भा ३

८) रम्भा कृषि तथा पशुपंक्षी फर्म रम्भा ३ पिपलडाँडा

**निर्णय नं ३**

**नवप्रवर्तनमा आधारीत स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन सम्बन्धमा:** नवप्रवर्द्धनमा आधारीत स्थानीय आर्थिक विकास कार्यक्रम संचालन कार्यविधि,२०८० बमोजिम यस आ.व. २०८०/०८१ मा गाउँपालिका नवप्रवर्तनमा आधारीत स्थानीय आर्थिक विकास कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका कार्यक्रम संचालन गर्न इच्छुक रहेको हुदाँ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबारलाई लेखि पठाउने निर्णय गरियो । साथै नवप्रवर्तनमा आधारीत स्थानीय आर्थिक विकास कार्यक्रम संचालन कार्यविधि,२०८० को दफा ४२ बमोजिम गाउँपालिकाले प्राप्त गर्ने अनुदानको १५ प्रतिशत लागत साझेदारी गर्न समेत प्रतिवद्धता व्यक्त गर्ने निर्णय गरियो ।

तपसिल

- अदुवा बेसार प्रवर्द्धन कार्यक्रम
- बेमौसमी तरकारी उत्पादन कार्यक्रम
- हाटबजार संचालन तथा व्यवस्थापन कार्यक्रम
- वित्तिय साक्षरता कार्र्यक्रम
- होमस्टे प्रवर्द्धन कार्यक्रम

**निर्णय नं ४**

**सङ्घीय समपूरक तथा विशेष अनुदान अन्तर्गत योजना माग गर्ने सम्बन्धमा:** राष्ट्रिय योजना आयोगको मिति २०८०/८/३० को सूचना बमोजिम आ.व. २०८१/०८२ को लागि तपसिल बमोजिमका योजनाहरु सङ्घीय समपूरक अनुदान तथा सङ्घीय विशेष अनुदान अन्तर्गत राष्ट्रिय योजना आयोग समक्ष माग गर्ने निर्णय गरियो ।

**सङ्घीय विशेष कार्यक्रम तर्फ**

१) रिमिघा पर्यटन प्रवर्द्धन कार्यक्रम रम्भा २ र ३

२) रमणेश्वर महादेव पर्यटन प्रवर्द्धन कार्यक्रम रम्भा १

३) मुलाबारी पर्यटन प्रवर्द्धन कार्यक्रम रम्भा २

**सङ्घीय समपुरक कार्यक्रम तर्फः**

१) गाउँपालिका प्रशासनीक भवन निर्माण रम्भा गा. पा.

२) कृष्ण गण्डकी मा.वि. भवन निर्माण रम्भा १

३) लुप्च पोखरा खेल मैदान निर्माण रम्भा २

**निर्णय नं ५**

कालीगण्डकी गुरुकुलम रम्भा १ हुँगी क्षेत्रमा कालीगण्डकी तटबन्द निर्माण गर्न प्रदेश सरकारबाट राष्ट्रिय योजना आयोगमा माग गर्ने समपूरक योजनामा समावेश गर्न प्रदेश सरकारलाई सिफारीस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

**योजना कार्यान्वयन सम्बन्धमा**: आ.व. २०८०/०८१ को लागि बार्षिक स्वीकृत कार्यक्रम तथा योजना अनुसार टेण्डर प्रक्रियाबाट कार्यान्वयनमा रहेका साथै सम्झौता भएका योजनाहरुको सम्बन्धमा जानकारी गराइयो ।

**निर्णय नं ७**

**अपुग रकम भुक्तानी सम्बन्धमा**: गाउँपालिका तथा अन्तर्गतका वडा कार्यालयमा कार्यरत कर्मचारीहरुको ४ दिने अवलोकन भ्रमणको क्रममा रु ८७,०००। अपुग भएको भनि कार्यपालिकामा प्रतिवेदन पेश भएको हुदाँ उल्लिखित अपुग रकम रु छुटपुट चालु खर्च शिर्षकबाट भुक्तानी दिने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं ८**

**एम्बुलेन्सको रकम भुक्तानी सम्बन्धमा**: रम्भा गाउँपालिका वडा नं ४ स्थायी निवासी श्री सुदिप रसालीको दुर्घटनामा परी टाउको शरीरमा गम्भिर समस्या भई उपचाररत रहेकोमा निजको घरको आर्थिक अवस्था अत्यन्तै कमजोर रहेको र एम्बुलेन्स रिजर्भ खर्च रकम व्यवस्था मिलाईदिनुहुन भनि लेखि आएको हुदाँ एम्बुलेन्स लाई भुक्तानी हुनुपर्ने रकम रु २९,०००। एम्बुलेन्स सञ्चालक पिपलडाँडा स्वास्थ्य चौकीलाई छुटपुट चालु खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ९**

**कार्यविधी प्रमाणित सम्बन्धमा**: रम्भा गाउँपालिका भित्र रहेका सवै एम्बुलेन्सहरुलाई एउटै नीतिवाट छिटो, छरितो, प्रभावकारी र व्यवस्थित रुपमा सञ्चालन गर्न रम्भा गाउँपालिकाको एम्बुलेन्स सञ्चालन सम्बन्धी कार्यविधि,२०८० प्रमाणित गर्ने निर्णय गरियो ।

**निर्णय नं १०**

गाउँकार्यपालिकाको आगामी बैठक मिति २०८०/०९/२५ गते ११:०० बजे बस्ने निर्णय गरियो ।

CamScanner

वैठक नं. १२ (वैठक संख्या ४५)

आज मिति २०८० ०९ २५ गतेका दिन यस गाउँपालिकाका अध्यक्ष श्री विष्णु प्रसाद भण्डारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिकाको वैठक बसी तपसिल बमोजिमको प्रस्ताव माथी छलफल गरी निर्णय गरियो ।

उपस्थिती :-

| क्र.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री विष्णु प्रसाद भण्डारी | |
| २ | उपाध्यक्ष | श्री राधा कुमारी श्रेष्ठ | अनुपस्थित |
| ३ | वडा अध्यक्ष १ | श्री ईश्वरी काफ्ले | |
| ४ | वडा अध्यक्ष २ | श्री चेत बहादुर सुनारी | |
| ५ | वडा अध्यक्ष ३ | श्री थमन बहादुर गाहा | |
| ६ | वडा अध्यक्ष ४ | श्री कृष्ण बहादुर रायमाझी | |
| ७ | वडा अध्यक्ष ५ | श्री खुमकान्त बस्याल | |
| ८ | सदस्य | श्री हिमा कुमारी सिंजाली | |
| ९ | सदस्य | श्री सरस्वती वि.क | |
| १० | सदस्य | श्री विमला जि.आर | |
| ११ | सदस्य | श्री नानु कुमारी गन्धर्व | |
| १२ | सदस्य | श्री भोज बहादुर वि.क. | |
| १३ | सदस्य | श्री नेत्र बहादुर वि.क. | |
| १४ | प्रमुख प्रशासकीय अधिकृत | श्री ठाकुर प्रसाद अर्याल | |
| १५. | अधिकृत छैठौं | श्री विमला रोक्का | |
| | | | |
| | | | |
| | | | |
| | | | |

निर्णय नं. १

**प्राप्त पत्रबारे जानकारी तथा गत बैठकको समिक्षा सम्बन्धमा:** विभिन्न कार्यालयबाट प्राप्त पत्रहरु पढीवाची सुनाउने कार्य सम्पन्न भयो साथै अघिल्लो कार्यपालिका बैठकले गरेका निर्णयहरुको समेत समिक्षा गरियो।

निर्णय नं २

**सडक मर्मतको रकम भुक्तानी सम्बन्धमा:** गाउँपालिकाको वडा नं ४ र ५ का विभिन्न सडकहरु दशैको समयमा कोटेशन मार्फत सरसफाई गरेको हुदाँ प्राविधिक मुल्याकंन तथा बिल भर्पाईमा उल्लेखित रकम रु ५ लाख ९२ हजार फुरुङ्दी कन्स्ट्रक्सन लाई दशै बाटो सरसफाई शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं ३

**रम्भा गाउँपालिका गाउँसभाको १४ औ अधिवेशनमा प्रस्तुत हुने प्रस्तावहरु सम्बन्धमा:** तपसिल बमोजिमका प्रस्तावहरु यस गाउँकार्यपालिकाबाट स्वीकृत गरी मिति २०८०/०९/ २६ गते हुन गईरहेको गाउँसभाको १४ औ अधिवेशन समक्ष पेश गर्ने निर्णय गरियो।

क) रम्भा गाउँपालिकाको आ. व. २०८०/०८१ को प्रगति प्रतिवेदन गाउँसभामा प्रस्तुत गर्ने।

ख) आर्थिक ऐन २०८० पहिलो संशोधन: गाउँपालिकाको १३ औ अधिवेशनबाट पारीत रम्भा गाउँपालिकाको आर्थीक ऐन, २०८० मा तपसिल बमोजिमका विषयमा संशोधन गर्नु पर्ने देखिएकोले सम्मानित गाउँसभा समक्ष पेश गर्ने।

| क्र.सं. | विषय | शुल्क/ रकम | कैफियत |
|---|---|---|---|
| १ | रोयल्टी शुल्क | प्रदेश आर्थिक ऐन बमोजिम | अनुसूचि १५ मा थप गर्ने |
| २ | स्टक प्रमाणित | १०० घनमिटर सम्म रु १००० सो भन्दा माथि रु २००० | अनुसूचि १३ (२) अन्य सिफारीस दस्तुर सि नं १२ मा |
| ३ | अन्य सिफारीस | रु २०० | अनुसुचि १३( १)को सि नं ५० मा |
| ४ | फर्म दर्ता प्रतिलिपि | फर्म दर्ताको ५० प्रतिशत | अनुसूचि ४ को अन्तिममा |
| ५ | कृषक समूह दर्ता | रु ८०० | अनुसूचि ४ को सि नं १८ मा |
| ६ | कृषक समूह नविकरण | रु ४०० विलम्ब शुल्क आर्थिक ऐन अनुसार लिने | अनुसूचि ४ को सि नं १८ मा |
| ७ | कवाडि निकासी शुल्क | प्रति जिप रु २५० | अनुसूचि ५ कवाडि कर तर्फ सि नं ३ मा |
| ८ | तम्सुक प्रमाणित | ५०००० देखि ५ लाख सम्म रु २००<br>५ लाख भन्दा माथि रु ५०० | अनुसूचि १३ को अन्य सिफारीस दस्तुर अन्तर्गत सि नं १३ मा |
| ९. आर्थिक ऐन, २०८० को अनुसूचि १३ (१) सेवा शुल्क, दस्तुर को द्रष्टव्यमा घटना दर्ताको प्रतिलिपि सक्कल प्रमाणपत्र भएको खण्डमा निशुल्क गर्ने भनि थप गर्ने। | | | |
| १०. हाटबजार तथा मेला व्यवस्थापन शुल्क प्रति स्टल संचालन गरे बापत रु १०० देखि ५०० र कृषि उपज विक्रीको लागि प्रति स्टल रु २० | | | |

ग) आ व २०७९ ०८० को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन।

घ) बजेट तथा कार्यक्रम संशोधन सम्बन्धमा:बर्षे अधिवेशन बाट चालु आ.व.०८०/८१ का लागि स्वीकृत वडा समितिबाट संशोधन गर्ने निर्णय सहित दर्ता भएका योजनाहरु साथै चालु तथा पुँजिगत खर्च शिर्षकअन्तर्गत विविध कार्यक्रममा अपुग तपसिल बमोजिमको रकम संशोधनका लागि सम्मानित गाउँसभा समक्ष पेश गर्ने।

ङ) **वडास्तरीय योजना संशोधन:**

| क्र. सं | योज़नाको नाम | वडा नं | विनियोजित रकम | संशोधित योजनाको नाम | संशोधित रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | तल्लो झोकेदी ट्रष्ट निर्माण | २ | ४०००० | झोकेदी रजाय मो वा | ४०००० | नयाँ |
| २ | भञ्ज्याङथोक सामुदायिक भवन निर्माण | २ | २००००० | भञ्ज्याङथोक पाइप खरिद | २००००० | नयाँ |
| ३ | देउराली सामूदायिक भवन(साविक वडा नं ७) | ३ | ३००००० | वडा ट्रष्ट भवन निर्माण | २००००० | पुरानोमा थप |
| | | | | कुम्भ खर्क सिंचाई कुलो मर्मत तथा स्तरोन्नति | १००००० | पुरानोमा थप |
| ५ | दलित आरन भवन निर्माण | ३ | २५०००० | गैराबारी घातडाँडा सताक खर्क बुद्रुङ पहाड मो वा | २५०००० | नयाँ |
| ६ | श्री महालक्ष्मी बहुउद्देश्यिय सहकारी संस्था लि व्यवस्थापन (साविक ७) | ३ | १००००० | झेस्काङ भलिबल खेल मैदानमा ट्रष्ट निर्माण | १००००० | नयाँ |
| ७ | टोकाल्दी सामुदायिक अधुरो भवन | ५ | १२५००० | टोकाल्दी खानेपानी ट्याङ्की मर्मत | १२५००० | नयाँ |
| ८ | खानीखोला सामुदायिक अधुरो भवन | ५ | १५०००० | मुडला चौपारी खानीखोला मोटरबाटो स्तरोन्नति | १५०००० | नयाँ |
| ९ | बजार व्यवस्थापन सि सि क्यामरा जडान | ५ | २५०००० | ठाडो डहर मोटरबाटो मर्मत | २५०००० | नयाँ |
| १० | रिप्बारी स्टोर भवन | ५ | ६०००० | खोलादी लिफ्टिङ खा पा ट्याङ्की मर्मत | ६०००० | नयाँ |
| ११ | फुरुङ्दी मिलीजुली आमा समूह भवन मर्मत | ५ | ११०००० | छापडाँडा मोटरबाटो मर्मत | ११०००० | नयाँ |
| १२ | ओम शिव शक्ति कल्याणी माटा घेराबार | ५ | १५०००० | ॐ शिवशक्ति कल्याणी केन्द्र शाखा कार्यालय रम्भा ५ फुरुङ्दी पाल्पा | १५०००० | नाम संशोधन |

CamScanner

## चालु खर्च तर्फ

| क्र सं | कार्यक्रमको नाम | सुरु विनियोजन | नपुग रकम | जम्मा विनियोजन |
|---|---|---|---|---|
| १ | कर्मचारी तलब भत्ता | १२५००००० | ३०००००० | १५५००००० |
| २ | सेवा करारमा कार्यरत प्राविधिक,पालिका तथा वडा कार्यालयमा कार्यरत कर्मचारीहरु | ७५००००० | २५००००० | १०००००००० |
| ३ | पालिका स्थायी कर्मचारी महंगी भत्ता | ४५०००० | १००००० | ५५०००० |
| ४ | पालिका स्थायी कर्मचारी पोशाक भत्ता | २५०००० | ५०००० | ३००००० |
| ५ | पत्रपत्रिका/सूचना/विज्ञापन प्रकाशन खर्च | ८००००० | २००००० | १०००००० |
| ६ | बैठक भत्ता(कर्मचारीं/ पदाधिकारी समेत) | ९००००० | १००००० | १०००००० |
| ७ | दिवा खाजा कार्यक्रम(कक्षा ७ देखि ९ सम्मका विद्यार्थीका लागि) | २५००००० | १५००००० | ४०००००० |
| ८ | बालविकास सहजकर्ता,विद्यालय कर्मचारी र सहयोगी तलब भत्ता | ९०००००० | ३००००० | ९३००००० |
| ९ | कर्मचारी कल्याण कोष कार्यक्रम | ५००००० | १०००००० | १५००००० |
| १० | सवारी साधन भाडा | ५००००० | ५००००० | १०००००० |
| ११ | कृषि तथा पशु वस्तु बजारीकरण | ० | १०००००० | १०००००० |
| १२ | नगर प्रहरी तलब सुविधा | ० | ५००००० | ५००००० |
| १३ | मेसिनरी औजार मर्मत | ४००००० | १००००० | ५००००० |
| १४ | छुटपुट चालु | २५००००० | ० | २५००००० |
| | जम्मा | ३७८०००००० | १०८५०००० | ४८६५०००० |

## पुँजिगत खर्च:

| क्र सं | कार्यक्रमको नाम | शुरु विनियोजन | नपुग रकम | जम्मा विनियोजन |
|---|---|---|---|---|
| १ | मेशिनरी औजार तथा अन्य उपकरण खरिद | ८००००० | ५००००० | १३००००० |
| २ | एक्सरे मशिन खरिद तथा व्यवस्थापन | १०००००० | ८००००० | १८००००० |
| ३ | कालीगण्डकी गुरुकुलम (आल्मुनियम पार्टेसन र सिलिङ्गबोर्ड सम्बन्धी कार्य) | ० | ६५०००० | ६५०००० |
| ३ | बेरुजु फिर्ता दाखिला | १९१५००० | ५००००० | २४१५००० |
| ४ | पुँजीगत अनुसन्धान तथा परामर्श | १२००००० | ५००००० | १७००००० |
| ५ | छुटपुट पुँजीगत | २५००००० | २८९६१४३.२८ | ५३९६१४३.२८ |
| | जम्मा | ६६१५००० | ५८४६१४३.२८ | १२४६११४३.२८ |

च) १० बर्षे शैक्षिक योजना अनुमोदनको लागि पेश गर्ने।

छ) रम्भा गाउँपालिकाको केन्द्र परिवर्तनको लागि हुने निर्वाचन सम्बन्धि कार्यविधी, २०८०।

ज) नगर प्रहरी विधेयक, २०८० सम्बन्धमा।

झ) विविध विधेयक, २०८० सम्बन्धमा।

ञ) गाउँकार्यपालिकाबाट आ व २०८० ०८१ को हालसम्म भएका निर्णय अनुमोदन सम्बन्धमा।

**निर्णय नं ४**

**LISA तथा FRA मा प्राप्त अङ्क सार्वजनिक गर्ने सम्बन्धमा:** आ.व. ०७९/०८० को स्थानिय तह संस्थागत क्षमता स्वमूल्याकंन (LISA) (प्राप्त अङ्क ८६) र स्थानिय तह वित्तिय सुशासन जोखिम मूल्याकंन (FRA) (प्राप्त अङ्क ७०) को नतिजा लाइ सार्वजनिक गर्नको लागि सम्मानित गाउँसभा समक्ष पेश गर्ने निर्णय गरीयो।

**निर्णय नं ५**

**आर्थिक सहायता सम्बन्धमा:** यस गाउँपालिकामा आर्थिक सहायताको लागि पेश गरेका तपसिल बमोजिमका व्यक्ति तथा संस्थाको तपसिल बमोजिम बिषयको लागि तपसिल बमोजिम रकम भुक्तानी दिने निर्णय गरियो।

**तपसिल**

| क्र.सं. | निवेदकको नाम थर ठेगाना | निवेदन मिति | दर्ता मिति | विषय | सहयोग रकम | शिर्षक |
|---|---|---|---|---|---|---|
| १ | पाल्पा जिल्ला खेलकुद विकास समिति | २०८०/०८/१० | २०८०/ ०९/ २२ | सहयोग सम्बन्धमा | रु १०००० | विविध कार्यक्रम खर्च/ विशेष तथा आवश्यकता अनुसारको नयाँ कार्यक्रम खर्च (राजश्व बाँडफाँड - संघीय सरकार नगद) शिर्षक |
| २ | समिक्षा खम्चा | २०८०/०९/२२ | | आर्थिक सहायता सम्बन्धमा | रु ८००० | अन्य सामाजिक सुरक्षा/गरिब परिवार सहायता शिर्षक |

**वैठक नं. १३** **(वैठक संख्या ४६)**

आज मिति २०८०/१०/०४ गतेका दिन यस गाउँपालिकाका अध्यक्ष श्री विष्णु प्रसाद भण्डारीज्यूको अध्यक्षतामा तपसिल वमोजिमको उपस्थितीमा कार्यपालिकाको वैठक वसी तपसिल वमोजिमको प्रस्ताव माथी छलफल गरी निर्णय गरियो ।

उपस्थिती :-

| क.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री विष्णु प्रसाद भण्डारी | |
| २ | उपाध्यक्ष | श्री राधा कुमारी श्रेष्ठ | |
| ३ | वडा अध्यक्ष १ | श्री इंश्वरी काफ्ले | |
| ४ | वडा अध्यक्ष २ | श्री चेत बहादुर सुनारी | |
| ५ | वडा अध्यक्ष ३ | श्री थमन वहादुर गाहा | |
| ६ | वडा अध्यक्ष ४ | श्री कृष्ण वहादुर रायमाभी | |
| ७ | वडा अध्यक्ष ५ | श्री खुमकान्त वस्याल | |
| ८ | सदस्य | श्री हिमा कुमारी सिजाली | |
| ९ | सदस्य | श्री सरस्वती वि.क | |
| १० | सदस्य | श्री विमला जि.आर | |
| ११ | सदस्य | श्री नानु कुमारी गन्धर्व | |
| १२ | सदस्य | श्री भोज बहादुर वि.क. | |
| १३ | सदस्य | श्री नेत्र बहादुर वि.क. | |
| १४ | प्रमुख प्रशासकीय अधिकृत | श्री ठाकुर प्रसाद अर्याल | |
| १५. | अधिकृत छैटौं | श्री विमला गैह्रे | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**निर्णय नं १**

**प्राप्त पत्रबारे जानकारी तथा गत बैठकको समिक्षा सम्बन्धमा:** विभिन्न कार्यालयबाट प्राप्त पत्रहरु पढीवाची सुनाउने कार्य सम्पन्न भयो साथै अघिल्लो कार्यपालिका बैठकले गरेका निर्णयहरुको समेत समिक्षा गरियो।

**निर्णय नं २**

**रम्भा गाउँपालिका गाउँसभाको १४ औ अधिवेशनको दोश्रो बैठक सम्बन्धमा:** यस गाउँपालिकाको गाउँसभाको १४ औ अधिवेशनको दोश्रो बैठक मिति २०८०/ १०/०८ गते ११ बजे बाट संचालन गर्ने निर्णय गरियो।


**निर्णय नं ३**

**ऋणमा ब्याज अनुदान सम्बन्धमा:** रम्भा गाउँपालिका आ.व. ०७७/०७८ बाट सुरु भएको ऋणमा ब्याज अनुदान कार्यक्रमको लागि सम्झौता भएका संस्थाहरुको गत आ व २०७९/०८० र चालु आ. व. (०८०/०८१) को तपसिल बमोजिमको बाँकी रकम ऋणमा ब्याज अनुदान शिर्षकबाट भुक्तानी दिने साथै अपुग हुन आउने रकम छुटपुट चालु खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

| आ.व ०७९/८० भुक्तानी बाकी रकम | आ.व ०८०/८१ भुक्तानी बाँकी रकम |
|---|---|
| संस्थाको नाम र रकम | संस्थाको नाम र रकम |
| १.सिद्धार्थ बचत तथा ऋण सहकारी संस्था रम्भा १ रु ५६८४९/<br>२. रम्भा देवी साना किसान कृषि सहकारी संस्था रम्भा १ रु ६९८१२५/<br>३. अगाहखोला कृषि शाहारा कृषि सहकारी संस्था रम्भा -३ रु १५०००/ | १.सिद्धार्थ बचत तथा ऋण सहकारी संस्था रम्भा १ रु ११०६५/<br>२. रम्भा देवि साना किसान कृषि सहकारी संस्था रम्भा १ रु २,६७,९७३/<br>३. अगाहखोला कृषि शाहारा कृषि सहकारी संस्था रम्भा -३ रु ३७५०/ |

**निर्णय नं ४**

**केन्द्रको लागि प्रस्ताव पेश सम्बन्धमा:** यस रम्भा गाउँपालिकाको केन्द्र परिवर्तनको लागि उपयुक्त स्थानको प्रस्ताव रम्भा गाउँपालिकाको केन्द्र निर्धारणको लागि हुने निर्वाचन सम्बन्धी कार्यविधि २०८० बमोजिम गाउँसभा सदस्यहरुले मिति २०८०/ १०/ ०५ गतेदेखि २०८०/ १०/०७ गते कार्यालय समयभित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष दर्ता गराउने निर्णय गरियो।



CamScanner

**वैठक नं. १४** **(वैठक संख्या ४७)**

आज मिति २०८०/१०/२२ गतेका दिन यस गाउँपालिकाका अध्यक्ष श्री विष्णु प्रसाद भण्डारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको प्रस्ताव माथी छलफल गरी निर्णय गरियो ।

उपस्थिती :-

| क्र.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री विष्णु प्रसाद भण्डारी | [signature] |
| २ | उपाध्यक्ष | श्री राधा कुमारी श्रेष्ठ | [signature] |
| ३ | वडा अध्यक्ष १ | श्री ईश्वरी काफ्ले | [signature] |
| ४ | वडा अध्यक्ष २ | श्री चेत बहादुर सुनारी | [signature] |
| ५ | वडा अध्यक्ष ३ | श्री थमन बहादुर गाहा | [signature] |
| ६ | वडा अध्यक्ष ४ | श्री कृष्ण बहादुर रायमाझी | [signature] |
| ७ | वडा अध्यक्ष ५ | श्री खुमकान्त बस्याल | [signature] |
| ८ | सदस्य | श्री हिमा कुमारी सिंजाली | [signature] |
| ९ | सदस्य | श्री सरस्वती वि.क | [signature] |
| १० | सदस्य | श्री विमला जि.आर | [signature] |
| ११ | सदस्य | श्री नानु कुमारी गन्धर्व | [signature] |
| १२ | सदस्य | श्री भोज बहादुर वि.क. | [signature] |
| १३ | सदस्य | श्री नेत्र बहादुर वि.क. | [signature] |
| १४ | प्रमुख प्रशासकीय अधिकृत | श्री ठाकुर प्रसाद अर्याल | [signature] |
| १५. | अधिकृत छैटौं | श्री विमला गैह्रे | [signature] |
| | | | |
| | | | |
| | | | |
| | | | |

**निर्णय नं १**

**प्राप्त पत्रबारे जानकारी तथा गत बैठकको समिक्षा सम्बन्धमाः** विभिन्न कार्यालयबाट प्राप्त पत्रहरु पढीवाची सुनाउने कार्य सम्पन्न भयो साथै अघिल्लो कार्यपालिका बैठकले गरेका निर्णयहरुको समेत समिक्षा गरियो ।

**निर्णय नं २**

**१५ शैया अस्पताको आशयको सूचना सार्वजनिक गर्ने सम्बन्धमाः**

मिति २०८०/०९/१६ गतेको निर्णयानुसार प्राबिधिक प्रस्ताबमा मुल्यांकन गरि उत्तीर्ण बोलपत्रदाताको आर्थिक प्रस्ताव खोल्ने मिति २०८०/०९/२४ गते ८ दिन म्याद भएको सूचना PPMO र कार्यालयको official Website मा प्रकाशित गरिएको मिति २०८०/०९/२४ गते अपराहन्न २ बजे आर्थिक प्रस्ताब खोलि हेरी मुचुल्का तयार गर्दा श्री Arjun/D. N.D. J.V. Resungaऽ-09,Gulmi ले रु १६३७८९९८१.५३/- (अक्षेरुपी सोह्र करोड सैतिस लाख उनानब्बे हजार नौ सय एकासी रुपैया र पैसा त्रिपन्न मात्र) कबोल गरेको बोल कबोल रकम गाउँकार्यपालिकाबाट स्वीकृत लागत अनुमान भित्र रहेको र सार्वजनिक खरिद ऐनको दफा २५ उपदफा ७ बमोजिम उक्त बोलपत्र सारभुत रुपमा प्रभावग्राही भएकोले सोहि ऐनको दफा २७ को उपदफा १ बमोजिम श्री Arjun/D. N.D. J.V. Resungaऽ-09,Gulmi को बोलपत्र स्वीकृत गर्न उपयुक्त देखिएको हुदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६७(१) र उपनियम १(क) बमोजिम बोलपत्र स्वीकृतिको लागि आशयको सूचना सार्वजनिक गर्ने साथै कुनै समस्या उत्पन्न नभएको अवस्थामा सम्झौता प्रकृया अगाडी बढाउनको लागि प्रमुख प्रशासकिय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

**रम्भा गाउँपालिका गाउँसभाको १४ औ अधिवेशनको तेश्रो बैठक सम्बन्धमाः** यस गाउँपालिकाको गाउँसभाको १४ औ अधिवेशनको तेश्रो बैठक मिति २०८०/ १०/२८ गते ११ बजे बाट संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

**निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने सम्बन्धमाः** निर्माण व्यवसायी इजाजत पत्र यस गाउँपालिकामा पेश हुन आएका तपसिल बमोजिमको निर्माण व्यवसायीलाई रम्भा गाउँपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धी कार्यविधि, २०७७ को पहिलो संशोधन समेतका आधारमा घ वर्ग निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

**तपसिलः**

| क्र सं | निर्माण व्यवसायी कम्पनीको नाम | प्रोपाइटरको नाम, ठेगाना |
|---|---|---|
| १ | श्री एस. एण्ड बि.टु कन्स्ट्रक्सन प्रा. लि. रम्भा गा. पा. १ | भिमलाल काफ्ले रम्भा १ हुँगी,पाल्पा |

**निर्णय नं ५**

**रकम भुक्तानी सम्बन्धमाः** यस रम्भा गाउँपालिका वडा नं २ मा अवस्थित खानिखोला लिफ्टिङ खानेपानी आयोजनाको लागि मोटर लगायतका सामाग्री आवश्यक रहेको भनि वडा कार्यालय समेतबाट सिफारीस भई आएको हुदाँ प्राविधिक इस्टिमेटको आधारमा कार्य सम्पन्न गरी उल्लेखित खानेपानी उपभोक्ता समिति तथा वडा कार्यालय समेतबाट सिफारीस भई आएको हुदाँ प्राप्त बिल भर्पाई अनुसारको रकम रु ९६६१५। छुटपुट तथा आकस्मिक योजनाहरु(पुंजीगत प्रकृतिका) खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

CamScanner

**निर्णय नं ६**

मिति २०८० मंसिर ६ र ७ गते अख्तियार दुरुपयोग अनुसन्धान र नेपाल सरकारका नियामक निकायहरु तथा सार्वजनिक संस्थानहरु बिच सम्पन्न अन्तर्क्रिया कार्यक्रमपश्चात आयोगबाट दिइएका सुझावहरु आयोगबाट प्राप्त ३२ बुदे सुझावहरुको बुदाँगत रुपमा छलफल गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं ७**

**कर्मचारी म्याद थप सम्बन्धमा:** रम्भा गाउँपालिका र अन्तर्गतका कार्यालयहरुमा कार्यरत करार, अस्थायी, बालमैत्री सहजकर्ता र ज्यालादारी कर्मचारीहरुको कार्यसम्पादन र आवश्यकता समेतलाई मध्यनजर गरी ६ महिनाको लागि म्याद थप गर्ने निर्णय गरियो।

**निर्णय नं ८**

**सङ्घीय विशेष अनुदान अन्तर्गत योजना माग गर्ने सम्बन्धमा:** राष्ट्रिय योजना आयोगको मिति २०८०/८/३० को सूचना बमोजिम आ.व. २०८१/०८२ को लागि तपसिल बमोजिमका योजना सङ्घीय विशेष अनुदान अन्तर्गत राष्ट्रिय योजना आयोग समक्ष माग गर्ने निर्णय गरियो।

- उद्यमशीलता र रोजगारी तथा खाद्य सुरक्षालाई सुनिश्चित गर्न कृषिको व्यवसायीकरण परियोजना

**वैठक नं. १५** (वैठक संख्या ४८)

आज मिति २०८०/११/०४ गतेका दिन यस गाउँपालिकाका अध्यक्ष श्री विष्णु प्रसाद भण्डारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको प्रस्ताव माथी छलफल गरी निर्णय गरियो ।

उपस्थिती :-

| क्र.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री विष्णु प्रसाद भण्डारी | |
| २ | उपाध्यक्ष | श्री राधा कुमारी श्रेष्ठ | |
| ३ | वडा अध्यक्ष १ | श्री ईश्वरी काफ्ले | |
| ४ | वडा अध्यक्ष २ | श्री चेत बहादुर सुनारी | |
| ५ | वडा अध्यक्ष ३ | श्री थमन बहादुर गाहा | |
| ६ | वडा अध्यक्ष ४ | श्री कृष्ण बहादुर रायमाझी | |
| ७ | वडा अध्यक्ष ५ | श्री खुमकान्त बस्याल | |
| ८ | सदस्य | श्री हिमा कुमारी सिंजाली | |
| ९ | सदस्य | श्री सरस्वती वि.क | |
| १० | सदस्य | श्री विमला जि.आर | |
| ११ | सदस्य | श्री नानु कुमारी गन्धर्व | |
| १२ | सदस्य | श्री भोज बहादुर वि.क. | |
| १३ | सदस्य | श्री नेत्र बहादुर वि.क. | |
| १४ | प्रमुख प्रशासकीय अधिकृत | श्री ठाकुर प्रसाद अर्याल | |
| १५ | शिवराज पौडेल | श्री शिवराज पौडेल | |
| १६. | का.स. | श्री गंगा बहादुर गाहा | |
| | | | |
| | | | |
| | | | |

**निर्णय नं १**

**प्राप्त पत्रबारे जानकारी तथा गत बैठकको समिक्षा सम्बन्धमा:** विभिन्न कार्यालयबाट प्राप्त पत्रहरु पढीवाची सुनाउने कार्य सम्पन्न भयो साथै अघिल्लो कार्यपालिका बैठकले गरेका निर्णयहरुको समेत समिक्षा गरियो।

**निर्णय नं २**

**राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको योजना सम्बधमा:** राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालयहरुबाट प्राप्त प्रस्तावना र निवेदनको आधारमा तपसिल बमोजिमका विद्यालयहरुलाई छनौट गरी नपुग बजेट गाउँपालिकाले थप गर्ने प्रतिवद्धता सहित छनौट गरी पठाउने निर्णय गरियो।

तपसिलः

- कृष्ण माध्यामिक विद्यालय रम्भा ३ झेस्काङलाई विज्ञान प्रयोगशाला र चार कोठे पक्की भवन निर्माण
- अमृत पब्लिक माध्यामिक विद्यालय रम्भा ३ मा पुस्तकालय स्थापना

**निर्णय नं ३**

**बजेट प्रदान गर्ने सम्बन्धमा:** आ. व. २०८०/८१ मा संघीय शसर्तको परम्परागत धारमा संचालित विद्यालयका लागि प्राप्त एकमुष्ट अनुदान शिर्षकमा विनियोजित बजेट रु १०,००,०००। (अक्षरेपीः दश लाख रुपैया) कालिगण्डकी गुरुकुलमा विद्यालयलाई प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं ४**

**आर्थिक सहायता सम्बन्धमा:** यस गाउँपालिकामा आर्थिक सहायताको लागि पेश गरेका तपसिल बमोजिमका व्यक्ति तथा संस्थाको तपसिल बमोजिम बिषयको लागि तपसिल बमोजिम रकम भुक्तानी दिने निर्णय गरियो।

**तपसिल**

| क्र.सं. | निवेदकको नाम थर ठेगाना | निवेदन मिति | दर्ता मिति | विषय | सहयोग रकम | शिर्षक |
|---|---|---|---|---|---|---|
| १ | श्री युवराज पुन भृकुटी प्राथमिक विद्यालय रम्भा १ | २०८०/११/०२ | २०८०/ ०९/ २२ | आर्थिक सहायता सम्बन्धमा | रु ८००० | अन्य सामाजिक सुरक्षा/गरिब परिवार सहायता शिर्षक |
| २ | किसान युवा क्लब रम्भा -५ फुरुङ्दी | २०८०/११/०४ | २०८०/११/०४ | सहयोग सम्बन्धमा | रु २०००० | विविध कार्यक्रम खर्च/ विशेष तथा आवश्यकता अनुसारको नयाँ कार्यक्रम खर्च (राजश्व बाँडफाँड - संघीय सरकार नगद) शिर्षक |
| ३ | नेपाल मगर संघ जिल्ला समन्वय समिति पाल्पा | | | | रु १०००० | विविध कार्यक्रम खर्च/ विशेष तथा आवश्यकता अनुसारको नयाँ कार्यक्रम खर्च (राजश्व बाँडफाँड - संघीय सरकार नगद) शिर्षक |

**निर्णय नं ५**

**योजना कार्यान्वयन सम्बन्धमाः** रम्भा गाउँपालिका भित्रका योजना सम्पन्न गर्नका निमित्त तिव्र गतिमा अगाडि बढाउने निर्णय गरियो।

**निर्णय नं ६**

**ढुङ्गा गिटी बालुवा निकासी सम्बन्धमाः** रम्भा गाउँपालिका भित्र कालिगण्डकी नदीबाट ढुङ्गा गिटी बालुवा निकासी गर्नका लागि गत महिनाको प्रकृया अनुसार नै निकासी गर्ने निर्णय गरियो।

**निर्णय नं ७**

**बजार अनुगमन सम्बन्धमाः** रम्भा गाउँपालिका भित्रका बजारहरुको अनुगमन गर्ने निर्णय गरियो।

**निर्णय नं ८**

**जग्गा बर्गिकरण गर्ने सम्बन्धमाः** रम्भा गाउँपालिका भित्र ताँहु बजार क्षेत्र र कालिगण्डकी कोरीडोर अन्तर्गत असेर्दी सगाहा पन्टार साठीलाई शहरोन्मुख क्षेत्र र बाँकी सम्पूर्ण क्षेत्रलाइ ग्रामिण क्षेत्र अन्तर्गत राखी वर्गिकरण गरिने निर्णय गरियो।

**निर्णय नं ९**

**कर्मचारी व्यवस्थापन सम्बन्धमाः** रम्भा गाउँपालिका भित्र कार्यरत स्थायी पाँचौ तहका कर्मचारीहरुको जम्मा दरबन्दी ९ रहेकोमा सोही दरवन्दी अनुसार कर्मचारी रहेकोमा निजहरुलाई तलब भत्ता निकासा गर्ने निर्णय गरियो।

**निर्णय नं १०**

**स्थानिय पाठ्यक्रम स्विकृत सम्बन्धमाः** रम्भा गाउँपालिकाको स्थानिय पाठ्यक्रम निर्माण समितिबाट तयार गरिएको कक्षा ४ र ५ को हाम्रो रम्भा पाठ्यक्रम स्विकृत गर्ने साथै कक्षा ६,७ र ८ को लागि हाम्रो रम्भा पाठ्यक्रम निर्माण नुहदाँसम्मको लागि सुचना तथा संचार प्रविधि विषय लागु गर्ने निर्णय गरियो।

**निर्णय नं ११**

**कर्मचारी नियुक्ती सम्बन्धमाः रम्भा गाउँपालिकाको विज्ञापन नं १०/२०८०/०८१** कृषि स्नातक अधिकृत छैटौ पदमा सिफारिस हुनुभएका श्री प्रभाज्योती गौडेललाई नियुक्ती दिने निर्णय गरियो।

**निर्णय नं १२**

**आर्थिक सहयोग सम्बन्धमाः** अल्पकालिन सुरक्षित आवास गृह संचालनको लागि जिल्ला समन्वय समिति र पाल्पा जिल्लाका स्थानीय तहहरुको समन्वयात्मक बैठकबाट गाउँपालिकाले रु ७५,००० र नगरपालिकाले रु १,२५,००० सहयोग गर्ने भन्ने निर्णय अनुसार यस गाउँपालिकाबाट उक्त आवास गृह संचालनको लागि छुटपुट चालु खर्च शिर्षकबाट रु ७५,०००। आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं १३**

**विशेष अनुदान अन्तर्गत आयोजना माग गर्ने सम्बन्धमाः** चालु आ.व. २०८०/०८१ को लागि तपसिल बमोजिमको योजना प्रदेश विशेष अनुदान अन्तर्गत प्रदेश योजना आयोग समक्ष माग गर्ने निर्णय गरियो।

- खाद्यान्न उत्पादनमा न्यूनता भएका क्षेत्र र परिवारमा खाद्य सुरक्षा सुनिश्चित गर्न सामूहिक खेति कार्यक्रम

**निर्णय नं १४**

**मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम सम्बन्धमाः**

लुम्बिनी प्रदेश सरकार(मन्त्रिपरिषद्) को मिति २०८०/१०/१५ को मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना अनुसार यस रम्भा गाउँपालिकामा आधुनिक कृषि प्रविधिसँगै कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने हेतुले **भविष्यको खेति- "रम्भा गाउँपालिकालाई शसक्त बनाउनको लागि दिगो एग्री-टेक परियोजना"** सम्बन्धी प्रस्ताव पेश गर्ने साथै मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन निर्देशिका,२०८० बमोजिम लागत सहभागिताको लागि प्रतिवद्धता व्यक्त गर्ने निर्णय गरियो।

**वैठक नं. १६** **(वैठक संख्या ४९)**

आज मिति २०८०/१२/०४ गतेका दिन यस गाउँपालिकाका अध्यक्ष श्री विष्णु प्रसाद भण्डारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको प्रस्ताव माथी छलफल गरी निर्णय गरियो ।

**उपस्थिती :-**

| क्र.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री विष्णु प्रसाद भण्डारी | |
| २ | उपाध्यक्ष | श्री राधा कुमारी श्रेष्ठ | |
| ३ | वडा अध्यक्ष १ | श्री ईश्वरी काफ्ले | |
| ४ | वडा अध्यक्ष २ | श्री चेत बहादुर सुनारी | |
| ५ | वडा अध्यक्ष ३ | श्री थमन बहादुर गाहा | |
| ६ | वडा अध्यक्ष ४ | श्री कृष्ण बहादुर रायमाझी | |
| ७ | वडा अध्यक्ष ५ | श्री खुमकान्त बस्याल | |
| ८ | सदस्य | श्री हिमा कुमारी सिंजाली | |
| ९ | सदस्य | श्री सरस्वती वि.क | |
| १० | सदस्य | श्री विमला जि.आर | |
| ११ | सदस्य | श्री नानु कुमारी गन्धर्व | |
| १२ | सदस्य | श्री भोज बहादुर वि.क. | |
| १३ | सदस्य | श्री नेत्र बहादुर वि.क. | |
| १४ | प्रमुख प्रशासकीय अधिकृत | श्री ठाकुर प्रंसाद अर्याल | |
| १५. | अधिकृत छैटौं | श्री विमला रोहि | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**निर्णय नं १**

**प्राप्त पत्रबारे जानकारी तथा गत बैठकको समिक्षा सम्बन्धमा:** विभिन्न कार्यालयबाट प्राप्त पत्रहरु पढीवाची सुनाउने कार्य सम्पन्न भयो साथै अघिल्लो कार्यपालिका बैठकले गरेका निर्णयहरुको समेत समिक्षा गरियो । साथै अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,बुटवलको मिति २०८०/१२/०१ च नं ४९९५८ को पत्रको व्यहोराको सम्बन्धमा जानकारी गराइयो ।

**निर्णय नं २**

**लागत साझेदारीमा कार्यक्रम संचालन कार्यविधि,२०८० सम्बन्धमा:** रम्भा गाउँपालिकाको भौगोलिक कार्यक्षेत्रभित्र संचालन हुने पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, सरसफाईको अवस्था, ढल निकास, सिंचाई व्यवस्थापन,पर्यटन प्रवर्द्धन,उपभोक्ताको हक हित र अधिकारको संरक्षणको लागि सरोकारवाला र गाउँपालिकाबिचमा लागत साझेदारीमा कार्यक्रम संचालन गर्न आवश्यक रहेकोले रम्भा गाउँपालिकाको लागत साझेदारीमा कार्यक्रम संचालन सम्बन्धी कार्यविधि,२०८० प्रमाणित गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

**सार्वजनिक शौचालय निर्माण सम्बन्धमा:** गाउँपालिकाको आ.व. २०८०/०८१ को लागि स्वीकृत वार्षिक कार्यक्रम तथा योजना अनुसार सार्वजनिक शौचालयहरु निर्माण शिर्षकमा विनियोजित बजेट रु १५,००,०००। (अक्षरेपि पन्ध्र लाख) बाट गाउँपालिकाको ५ वटै वडामा तपसिल बमोजिम सार्वजनिक शौचालय निर्माण प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

तपसिलः

| क्र.सं | शौचालयको नाम | रकम रु |
|---|---|---|
| १ | अमिली सार्वजनिक शौचालय रम्भा १ | ३,००,०००। |
| २ | वडा कार्यालयमा सार्वजनिक शौचालय रम्भा २ | ३,००,०००। |
| ३ | झेस्काङ सामुदायिक स्वास्थ्य इकाई शौचालय रम्भा ३ | ३,००,०००। |
| ४ | हुमिन सार्वजनिक शौचालय रम्भा ४ हुमिन | ३,००,०००। |
| ५ | कोशढुङ्गा सामुदायिक भवन सार्वजनिक शौचालय रम्भा ५ | ३,००,०००। |

(जनजागृति प्रा.वि.)

**निर्णय नं ४**

**कार्यक्रम संचालन सम्बन्धमा:** गाउँपालिकाको आ.व. २०८०/०८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार गाउँपालिका अन्तर्गतका सबै वडामा छुवाछुतविरुद्ध सचेतनामूलक कार्यक्रम संचालनको लागि कार्यपालिका सदस्य श्री भोज बहादुर वि.क. लाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं ५**

**आर्थिक सहायता सम्बन्धमा:** यस गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने तपसिल बमोजिमका व्यक्तिहरुले वडा कार्यालयको सिफारीस तथा बिरामी पूर्जा साथै अस्पतालको रिपोर्ट समेत संलग्न राखि आर्थिक सहायताको लागि निवेदन पेश गरेको हुदाँ निजहरुको अवस्था हेरी तपसिलको शिर्षकबाट तपसिल बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner

तपसिलः

| क्र. सं. | निवेदकको नाम थर र ठेगाना | बजेट शिर्षक | सहयोग रकम |
|---|---|---|---|
| १ | विनिता थापा, रम्भा ४ हुमिन | अन्य सामाजिक सुरक्षा/गरिब परिवार सहायता शिर्षक | रु ८,००० |

**निर्णय नं ६**

**रकम भुक्तानी सम्बन्धमा**: गाउँपालिका भित्रका कडा रोग लागेका बिरामीहरुलाई मासिक यातायात खर्च बापत अन्तिम ३ महिनाको प्रति विरामी मासिक रु ५,०००। को दरले संघिय सरकारबाट प्राप्त भएपछि सोध भर्ना गर्ने गरी छुटपुट चालु खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ७**

**निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने सम्बन्धमा**: यस गाउँपालिकामा पेश हुन आएका तपसिल बमोजिमको निर्माण व्यवसायीलाई रम्भा गाउँपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धी कार्यविधि, २०७७ को पहिलो संशोधन समेतका आधारमा घ वर्ग निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

**तपसिलः**

| क्र सं | निर्माण व्यवसायी कम्पनीको नाम | प्रोपाइटरको नाम, ठेगाना |
|---|---|---|
| १ | ग्रीन गण्डकियन ईञ्जिनियरिङ एण्ड कन्स्ट्रक्सन रम्भा ५ ताँहु, पाल्पा | अजय के. सी. |

**निर्णय नं ८**

**आर्थिक सहयोग माग राखी पेश भएका प्रस्तावनाका सम्बन्धमा**: गाउँपालिकामा विभिन्न मितिमा पेश भएका आर्थिक सहयोग माग सहितका प्रस्तावनाहरु माथि छलफल गरी तपसिल अनुसार शिर्षकबाट तपसिल अनुसार सहयोग रकम प्रदान गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र. सं. | विवरण | सहयोग रकम | शिर्षक |
|---|---|---|---|
| १ | राष्ट्रिय महिला भलिबल प्रतियोगिता रामपुर न. पा., पाल्पा | ५०,०००। | छुटपुट चालु खर्च |
| २ | गल्याङ चेम्बर अफ कमर्स गल्याङ स्याङ्जा (आलु तथा कृषि प्रदर्शनी, २०८०) | ५०,०००। | छुटपुट चालु खर्च |

**निर्णय नं १०**

**स्थानीय पत्रकारहरुको क्षमता विकास तालिमः** गाउँपालिकाको आ.व. २०८०/०८१ को लागि स्वीकृत बार्षिक कार्यक्रम अनुसार स्थानीय पत्रकारहरुको क्षमता विकास तालिममा विनियोजित रकमबाट भुक्तानी हुने गरी प्रेस चौतारी नेपाल, पाल्पाले पेश गरेको प्रस्तावना स्वीकृत गरी तालिम संचालनको लागि जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

CS CamScanner

**निर्णय नं ११**

**शिक्षक डायरी तथा परिचयपत्र व्यवस्थापन गर्ने सम्बन्धमा:** रम्भा गाउँपालिका अन्तर्गतका सबै विद्यालयका शिक्षकहरुको लागि दैनिक पाठयोजना सहितको शिक्षक डायरी र परिचयपत्र व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं १२**

**रिमिघा पर्यटन प्रवर्द्धन कार्यक्रम सम्बन्धमा:** गाउँपालिकाको आ.व. २०८०/०८१ को लागि स्वीकृत बार्षिक कार्यक्रम अनुसार रिमिघा पर्यटन प्रवर्द्धन कार्यक्रम शिर्षकमा विनियोजित बजेट रु ५०,००,०००।(अक्षेरपि पचास लाख मात्र) बाट रिमिघा क्षेत्रमा तपसिल बमोजिमको कार्य संचालन गर्ने निर्णय गरियो ।

**तपसिल:**

- नेपाल विद्युत प्राधिकरणले पेश गरेको लागत अनुमान १९,४६,८०५/५६ (अक्षेरपि उन्नाइस लाख छेयालिस हजार आठ सय पाँच रुपैया पैसा छपन्न मात्र) बमोजिम नेपाल विद्युत प्राधिकरणलाई नै जिम्मा दिने गरी रम्भा ३ पिपलडाँडाको गोरुङ्गा तर्फबाट विद्युतिकरण गर्ने
- रिमिघा क्षेत्र रम्भा ३ पिपलडाँडाको गोरुङ्गामा गेट निर्माण कार्य सम्पन्न गर्नको लागि रु ५,५०,०००।(अक्षेरपि पाँच लाख पचास हजार मात्र)
- बाँकी रकमबाट रम्भा २ फोक्सिङकोटको झोकेदी तर्फ पुल, रिमिघा लेकमा ट्रयाक निर्माण तथा मन्दिरको बाँकी काम गर्नको लागि रु २५,००,०००।

**निर्णय नं १३**

**जग्गा रजिष्ट्रेशन पासको लागि सिफारीस गर्ने सम्बन्धमा:** तपसिल बमोजिमका संस्थाले जग्गा रजिष्ट्रेशन पासको लागि सिफारीस माग गरी पेश गरेको तपसिल बमोजिमको जग्गा नियमानुसार रजिष्ट्रेशन पासको लागि सम्बन्धित कार्यालयमा सिफारीस गर्ने निर्णय गरियो ।

तपसिल:

| क्र सं | सहकारी संस्थाको नाम र ठेगाना | जग्गादाताको नाम | कित्ता नं | क्षेत्रफल |
|---|---|---|---|---|
| १ | रम्भादेवी महिला बहुउद्देश्यीय सहकारी संस्था रम्भा ५ ताँहु | विनोद कुमार श्रेष्ठ | १४५ | ०-४-१-० |
| २ | आत्म निर्भर बचत तथा ऋण सहकारी संस्था रम्भा ५ ताँहु | विकास श्रेष्ठ | ३०४ | ०-७-३-३ |

**निर्णय नं १४**

**कृषि उपज संकलन केन्द्र निर्माण सम्बन्धमा:** प्रदेश सरकारको सशर्त कार्यक्रम अन्तर्गत कृषि उपज संकलन केन्द्र निर्माणको लागि विनियोजित रकम रु १५,००,०००।(अक्षेरपि पन्ध्र लाख) अगाँहाखोला शाहारा कृषि सहकारी संस्था रम्भा ३ पिपलडाँडालाई कृषि उपज संकलन केन्द्र निर्माणको लागि उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं १५**

**बेरुजु फर्स्यौट निर्देशिका,२०८० सम्बन्धमा:** गाउँपालिकाको आन्तरिक वा अन्तिम लेखापरीक्षणको क्रममा इङ्गित बेरुजु फर्स्यौट कार्यमा सरलता,एकरुपता र प्रभावकारीता वृद्धि गर्न रम्भा गाउँपालिकाको बेरुजु फर्स्यौट निर्देशिका,२०८० माथि छलफल गरी उक्त निर्देशिका प्रमाणित गर्ने निर्णय गरियो ।

CamScanner

**वैठक नं. १७** **(वैठक संख्या ५०)**

आज मिति २०८०/१२/२१ गतेका दिन यस गाउँपालिकाका अध्यक्ष श्री विष्णु प्रसाद भण्डारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको प्रस्ताव माथी छलफल गरी निर्णय गरियो ।

उपस्थिती :-

| क्र.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री विष्णु प्रसाद भण्डारी | |
| २ | उपाध्यक्ष | श्री राधा कुमारी श्रेष्ठ | |
| ३ | वडा अध्यक्ष १ | श्री ईश्वरी काफ्ले | |
| ४ | वडा अध्यक्ष २ | श्री चेत बहादुर सुनारी | |
| ५ | वडा अध्यक्ष ३ | श्री थमन बहादुर गाहा | |
| ६ | वडा अध्यक्ष ४ | श्री कृष्ण बहादुर रायमाझी | |
| ७ | वडा अध्यक्ष ५ | श्री खुमकान्त बस्याल | |
| ८ | सदस्य | श्री हिमा कुमारी सिंजाली | |
| ९ | सदस्य | श्री सरस्वती वि.क | |
| १० | सदस्य | श्री विमला जि.आर | |
| ११ | सदस्य | श्री नानु कुमारी गन्धर्व | |
| १२ | सदस्य | श्री भोज बहादुर वि.क. | |
| १३ | सदस्य | श्री नेत्र बहादुर वि.क. | |
| १४ | प्रमुख प्रशासकीय अधिकृत | श्री ठाकुर प्रसाद अर्याल | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

CS CamScanner

**निर्णय नं १**

**प्राप्त पत्रबारे जानकारी तथा गत बैठकको समिक्षा सम्बन्धमा:** विभिन्न कार्यालयबाट प्राप्त पत्रहरु पढीवाची सुनाउने कार्य सम्पन्न भयो साथै अघिल्लो कार्यपालिका बैठकले गरेका निर्णयहरुको समेत समिक्षा गरियो। साथै अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०८०/११/२१, चैत्र ४ र चैत्र ९ गते प्रेषित सुझावको सम्बन्धमा जानकारी गराइ उक्त सुझाव कार्यान्वयन गर्ने सम्बन्धमा प्रतिवद्धता जनाउने निर्णय गरियो।

**निर्णय नं २**

**जग्गा प्राप्ति सम्बन्धमा:** प्रस्तुत विषयमा रम्भा ३, पिपलडाँडा साजबारी(साविक पिपलडाँडा गा.वि.स. वडा नं १) का निम्नलिखित जग्गादाताहरुले तपसिल बमोजिमका कित्ता नं. र क्षेत्रफल भएका जग्गाहरु गाउँपालिकाको कार्यालय निर्माण गर्नको लागि निशुल्क प्रदान गर्ने भन्ने लिखित मञ्जुरीनामा प्राप्त भएको र सो जग्गा गाउँपालिकाको प्रशासनीक भवन तथा अन्य कार्यालयीय प्रयोजनका संरचना निर्माण गर्न उपयुक्त देखिएकोले सो विषयमा सरकारी जग्गा दर्ता उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को दफा २ बमोजिमको समितिलाई जानकारी गराउने तथा जग्गा प्राप्ति प्रक्रिया अघि बढाउने प्रयोजनका लागि सिफारीस गर्ने निर्णय गरियो।

**तपसिल:**

| क्र सं. | जग्गाधनिको नाम | कित्ता नं | क्षेत्रफल प्लट रजिष्टर बमोजिम | उपलब्ध गराउने जग्गाको क्षेत्रफल | तर्फ | ठेगाना |
|---|---|---|---|---|---|---|
| १ | कीर्तिनिधी शर्मा जैसी | ९४३ | २-०-०-० | ०-११-२-२ | उत्तर | रम्भा ३, (साविक पिपलडाँडा १) पाल्पा |
| २ | किर्तिनिधी शर्मा जैसी | १४०१ | ६-१३-१-१ | ०-६-१-२ | बीच | रम्भा ३, (साविक पिपलडाँडा १) पाल्पा |
| ३ | रेनुका देवी न्यौपाने | १३१९ | ६-१४-१-१ | ०-६-०-० | उत्तर बीच | रम्भा ३, (साविक पिपलडाँडा १) पाल्पा |
| ४ | शोभाखर न्यौपाने | १३१७ | ६-१४-०-२ | ३-१३-३-१ | पूर्व उत्तर | रम्भा ३, (साविक पिपलडाँडा १) पाल्पा |
| ५ | केशौराम न्यौपाने जैसी | १३१८ | ६-१४-०-२ | २-१-२-३ | बीच | रम्भा ३, (साविक पिपलडाँडा १) पाल्पा |
| | जम्मा | | | ७-७-२-० | | |

**निर्णय नं ३**

**लागत साझेदारी कार्यक्रम संचालन सम्बन्धमा:** रम्भा गाउँपालिकाको लागत साझेदारी कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८० को परिच्छेद २ बमोजिम गाउँपालिकाको आ.व. २०८०/०८१ को बार्षिक योजना तथा कार्यक्रममा समावेश विभिन्न संघ संस्था तथा निकायसँग साझेदारी कार्यक्रम शिर्षकमा विनियोजित रु २५,००,०००।(पच्चिस लाख) बाट तपसिल बमोजिमका योजनाहरु संचालन गर्ने निर्णय गरियो।

**तपसिल:**

| क्र सं | योजनाको नाम | वडा नं | गाउँपालिका तर्फबाट(८०%) | उपभोक्ताको तर्फबाट(२०%) | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | सिमलघारी बाँध निर्माण | १ | ८०,००० | २०००० | १००००० |

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| २ | सेजु कुलो मर्मत | १ | २,००,००० | ५०००० | २५०००० |
| ३ | असेर्दी आक्वा सिंचाई | १ | २,२०,००० | ५५००० | २७५००० |
| ४ | सानाहुँगी मा. वि. अधुरो भवन निर्माण | २ | ५००००० | १२५००० | ६२५००० |
| ५ | रकमा देवि आ. वि. (अधुरो भवन) रम्भा ३ | ३ | २५०००० | ६२५०० | ३१२५०० |
| ६ | रविकिरण मा. वि. (बाल कक्षा व्यवस्थापन) | ३ | १००००० | २५००० | १२५००० |
| ७ | बुढि लुङ्ग सिंचाई कुलो मर्मत | ३ | १५०००० | ३७५०० | १८७५०० |
| ८ | गाँबु खरक सिंचाई कुलो (पाईप खरिद) | ३ | ५०००० | १२५०० | ६२५०० |
| ९ | सोहबिसे फाँट सिंचाई योजना | ३ | १५०००० | ३७५०० | १८७५०० |
| १० | अमर आधारभूत विद्यालय कक्षा कोठा निर्माण | ४ | ३००००० | ७५००० | ३७५००० |
| ११ | पशुपति प्रा.वि. फर्निचर व्यवस्थापन | ५ | १२५००० | ३१२५० | १५६२५० |
| १२ | चण्डेश्वरी प्रा.वि. फर्निचर व्यवस्थापन | ५ | १२५००० | ३१२५० | १५६२५० |
| १३ | जनजागृति प्रा.वि. फर्निचर व्यवस्थापन | ५ | १२५००० | ३१२५० | १५६२५० |
| १४ | सगरमाथा प्रा.वि. फर्निचर व्यवस्थापन | ५ | १२५००० | ३१२५० | १५६२५० |

**निर्णय नं ४**

**विद्युत पोल व्यवस्थापन सम्बन्धमा:** आर्यभञ्ज्याङ रामपुर सडक विस्तारको क्रममा विद्युत पोलहरुको व्यवस्थापन हुन नसकेको र सो को तत्काल व्यवस्थापन नगर्दा दुर्घटना घटी ठूलो जनधनको क्षति हुन सक्ने अवस्थाको मध्यनजर गर्दै तत्काल व्यवस्थापन गर्नुपर्ने देखिएका केहि पोलहरु नेपाल विद्युत प्राधिकरण,पाल्पासँगको सहकार्यमा व्यवस्थापन गर्न छुटपुट पुँजिगत खर्च शिर्षकमा विनियोजित रकमबाट रु ४०००००। (अक्षेरपि चार लाख) नेपाल विद्युत प्राधिकरणलाई उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं ५**

**योजना कार्यान्वयन सम्बन्धमा:** गाउँपालिकाको चालु आ.व. २०८०/०८१ को लागि स्वीकृत बार्षिक कार्यक्रम तथा योजनाहरुको कार्यान्वयन अवस्थाबारे जानकारी गराइयो।

**निर्णय नं ६**

**हावाहुरीबाट भएको क्षतिको सम्बन्धमा:** २०८० चैत्र महिनामा आएको हावाहुरीको कारण गाउँपालिकाभित्रका ५ वटै वडाका विभिन्न क्षेत्रमा पर्न गएको क्षतिको वास्तविक अवस्था एकिन गरी प्रहरी मुचुल्का,वडा कार्यालयको सिफारीस सहित सबै वडा कार्यालयमा विवरण संकलन गरी २ दिनभित्र गाउँपालिकाको कार्यालयमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं ७**

**कर्मचारी कल्याण कोष संचालन सम्बन्धी कार्यविधि,२०८० सम्बन्धमा:** गाउँपालिका र अन्तर्गतका वडा कार्यालयमा कार्यरत अस्थायी तथा करार सेवाका कर्मचारीहरुको वृत्ति विकासलाई ध्यान दिदै कर्मचारि प्रोत्साहित गरी नागरिकहरुको सेवा प्रवाहमा चुस्तता ल्याउन तथा कर्मचारीहरुको सेवा भावमा वृद्धि गर्न रम्भा गाउँपालिकाको कर्मचारी

CamScanner

कल्याण कोष संचालन सम्बन्धी कार्यविधि,२०८० पारित गरी दफा ७ बमोजिम करार कर्मचारीहरुको तर्फबाट सूचना प्रविधि अधिकृत श्री सुरज पाठक र ४ नं वडा कार्यालयमा कार्यरत कार्यालय सहायक श्री मिलन काफ्लेलाई सदस्यको रुपमा मनोनित गर्ने निर्णय गरियो ।

**निर्णय नं ८**

**सडक मर्मतको रकम भुक्तानी सम्बन्धमा:** फुरुङ्दी लिफ्टिङ खानेपानी आयोजना जाने सडक मर्मत गरी तत्काल सामानको आपूर्ति गर्न आवश्यक रहि उल्लेखित सडक मर्मतको लागि खर्च भएको प्राविधिक मूल्याकंन बमोजिमको रु ६८,०००। हाम्रो निर्माण सेवा सिद्धार्थनगर रुपन्देहिलाई सडक मर्मत शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ९**

**रकम भुक्तानी सम्बन्धमा:** मिति २०६७ चैत्र २३ गते पिपलडाँडा गा.वि.स. को कार्यालयमा कार्यालय सहयोगी पदमा स्थायी नियुक्ति भई समायोजन ऐन,२०७५ बमोजिम यस गाउँपालिकामा समायोजन भई ३ नं वडा कार्यालयमा कार्यालय सहयोगी पदमा कार्यरत कर्मचारी श्री कृष्ण बहादुर पौडेल क्षेत्रीको मिति २०८० श्रावण १५ गते अनिवार्य अवकाश भएको हूदा स्थानीय स्वायत्त शासन नियमावली,२०५६ बमोजिम सेवा अवधि र संचित बिदा बापतको रकम रु ६,१७,७७१। (अक्षेरपि छ लाख सत्र हजार सात सय एकत्तर रुपैया) निज कर्मचारी श्री कृष्ण बहादुर पौडेल क्षेत्रीलाई कर्मचारी कल्याण कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं १०**

**हुमिन लिफ्ट खानेपानीको विद्युत महशुल भुक्तानी सम्बन्धमा:** ४ नं वडा हुमिनमा स्थित हुमिन खानेपानी उपभोक्ता समितिको नाउँमा पाल्पा विद्युत प्राधिकरणलाई २०५८ साल देखि भुक्तानी हुन बाँकी रकम रु ३६,०००।(अक्षेरपि छत्तिस हजार) लिफ्टिङ खानेपानी न्यूनतम महशुल शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ११**

**सूचना प्रवाह सम्बन्धी पेश भएका प्रस्तावना सम्बन्धमा:**

गाउँपालिकाको विकास निर्माण,स्वास्थ्य शिक्षा जनस्वास्थ्यका क्षेत्रमा सचेतना,गाउँकार्यपालिकाको योजना,कार्यक्रम तथा निती,विभिन्न क्रियाकलाप र पद्धति बारे आम सर्वसाधारणलाई जानकारी दिने उद्देश्यका साथ आ.व. २०८०/०८१ को लागि तपसिल बमोजिमका संचार माध्यमहरुलाई प्रस्तावनामा उल्लेखित कार्यक्रम संचालनको लागि गाउँपालिका सँगको सम्झौता बमोजिम कार्यक्रम सम्पन्न गरेपश्चात भुक्तानी दिने गरी तपसिल बमोजिम रकम भुक्तानी गर्ने निर्णय गरियो ।

तपसिल:

| क्र. सं. | संचार माध्यम | रकम रु | शिर्षक |
|---|---|---|---|
| १ | रामपुर एफएम | ६०,०००। | छुटपुट चालु खर्च शिर्षक |
| २ | पृथ्वी टेलिभिजन | ५०,०००। | छुटपुट चालु खर्च शिर्षक |
| ३ | कुटुम्ब एफएम | २०,०००। | छुटपुट चालु खर्च शिर्षक |
| ४ | पाल्पा समाचार पत्र | ३०,०००। | छुटपुट चालु खर्च शिर्षक |
| ५ | युनिक एफ एम | २०,०००। | छुटपुट चालु खर्च शिर्षक |

CamScanner

**निर्णय नं १२**

**आर्थिक सहायता सम्बन्धमाः** यस गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने तपसिल बमोजिमका व्यक्तिहरुले प्रहरी मुचुल्का, वडा कार्यालयको सिफारीस तथा बिरामी पूर्जा, अस्पतालको रिपोर्ट समेत संलग्न राखि आर्थिक सहायताको लागि निवेदन पेश गरेको साथै विभिन्न संघ संस्थाहरुले समेत आर्थिक सहायताका लागि निवेदन पेश गरेको हुदाँ निजहरुको अवस्था हेरी तपसिलको शिर्षकबाट तपसिल बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

| क्र.सं. | निवेदकको नाम थर ठेगाना | निवेदन मिति | दर्ता मिति | विषय | सहयोग रकम | शिर्षक |
|---|---|---|---|---|---|---|
| १ | विक्रम सारु रम्भा ४ | २०८०/१२/१९ | २०८०/१२/२१ | आर्थिक सहायता सम्बन्धमा | १०,०००।- | अन्य सामाजिक सुरक्षा/गरिब परिवार सहायता शिर्षक |
| २ | विमला दमाई रम्भा ३ | २०८०/११/२८ | २०८०/१२/०७ | आर्थिक सहायता सम्बन्धमा। | ७,०००। | अन्य सामाजिक सुरक्षा/गरिब परिवार सहायता शिर्षक |
| ३ | मोहन सिं थापा रम्भा ३ | २०८०/११/३० | २०८०/१२/२१ | आर्थिक सहायता सम्बन्धमा | ८,०००। | अन्य सामाजिक सुरक्षा/गरिब परिवार सहायता शिर्षक |
| ४ | शान्ति वि क रम्भा १ | २०८०/१२/०७ | २०८०/१२/२१ | आर्थिक सहायता सम्बन्धमा। | १५,००० | अन्य सामाजिक सुरक्षा/गरिब परिवार सहायता शिर्षक |
| ५ | नेपाल कम्युनिष्ट पार्टी (मसाल) | २०८०/१२/१३ | २०८०/१२/१३ | आर्थिक सहायता सम्बन्धमा। | १५,०००। | छुटपुट चालु खर्च शिर्षक |
| ६ | श्री लक्ष्मीनारायण धाम एवम् पिपल संरक्षण प्रतिष्ठान रम्भा १ | २०८०/१२/१८ | २०८०/१२/२१ | आर्थिक सहायता सम्बन्धमा। | १४,०००। | वृक्षारोपण शिर्षक |

**वैठक नं. १८** **(वैठक संख्या ५१)**

आज मिति २०८०/१२/२८ गतेका दिन यस गाउँपालिकाका अध्यक्ष श्री विष्णु प्रसाद भण्डारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिकाको बैठक वसी तपसिल बमोजिमको प्रस्ताव माथी छलफल गरी निर्णय गरियो ।

**उपस्थिती :-**

| क.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री विष्णु प्रसाद भण्डारी | |
| २ | उपाध्यक्ष | श्री राधा कुमारी श्रेष्ठ | |
| ३ | वडा अध्यक्ष १ | श्री ईश्वरी काफ्ले | |
| ४ | वडा अध्यक्ष २ | श्री चेत बहादुर सुनारी | |
| ५ | वडा अध्यक्ष ३ | श्री थमन बहादुर गाहा | |
| ६ | वडा अध्यक्ष ४ | श्री कृष्ण बहादुर रायमाझी | |
| ७ | वडा अध्यक्ष ५ | श्री खुमकान्त बस्याल | |
| ८ | सदस्य | श्री हिमा कुमारी सिंजाली | |
| ९ | सदस्य | श्री सरस्वती वि.क | |
| १० | सदस्य | श्री विमला जि.आर | |
| ११ | सदस्य | श्री नानु कुमारी गन्धर्व | |
| १२ | सदस्य | श्री भोज बहादुर वि.क. | |
| १३ | सदस्य | श्री नेत्र बहादुर वि.क. | |
| १४ | प्रमुख प्रशासकीय अधिकृत | श्री ठाकुर प्रसाद अर्याल | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

निर्णय नं १

**प्राप्त पत्रबारे जानकारी तथा गत बैठकको समिक्षा सम्बन्धमा:** विभिन्न कार्यालयबाट प्राप्त पत्रहरु पढीवाची सुनाउने कार्य सम्पन्न भयो साथै अघिल्लो कार्यपालिका बैठकले गरेका निर्णयहरुको समेत समिक्षा गरियो।

निर्णय नं २

**ऐतिहासिक गोरखा जितगढी पद यात्राको सम्बन्धमा:** नेपाल एकिकरणको बिजय यात्रालाई आम नागरिकको बिचमा सूसूचित गराउने साथै गोरखा जितगढी बिजयको सम्झना र सम्मान स्वरुप सुरु भएको नेपाल आर्मीको दोश्रो ऐतिहासिक गोरखा जितगढी पद यात्राको क्रममा बिभिन्न गढका सेनानीहरुको समूह यस रम्भा गाउँपालिकामा मिति २०८१ वैशाख ३ गते प्रवेश गर्ने सम्बन्धमा जानकारी गराइयो। साथै उक्त यात्रालाई भव्यताका साथ सम्पन्न गर्ने निर्णय गरियो।

निर्णय नं ३

**सडक मर्मतको रकम नियमानुसार भुक्तानी सम्बन्धमा:** यस गाउँपालिकाको आदेश बमोजिम यस रम्भा गाउँपालिकाको तपसिल बमोजिमका क्षेत्रमा सडक मर्मतको कार्य गरेबापत प्राविधिकको मुल्यांकन बमोजिम कायम हुन आएको तपसिल बमोजिमको रकम तपसिल बमोजिमको शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

तपसिलः

| क्र सं. | कन्स्ट्रक्सनको नाम | सरसफाई गरिएको क्षेत्र | रकम | शिर्षक |
|---|---|---|---|---|
| १ | श्री ब्रह्मा विष्णु महेश्वर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. बगनासकाली- ५, राम्दी | रम्भा गाउँपालिका वडा नं ३ सहदीखोला पिपलडाँडामा पहिरो फालेको | ८४,३०४। | सडक मर्मत कोष |
| २ | श्री पोखेल कन्स्ट्रक्सन रामपुर ५ पाल्पा | झोकेदी लवडाँडा वडा कार्यालय जाने मो बा निर्माण | १,१२,८०९। | सडक मर्मत कोष |

निर्णय नं ४

शिक्षा समितिले गरेको निर्णय अनुमोदन सम्बन्धमाः मिति २०८०/१२/२८ गतेको शिक्षक तथा विद्यार्थी सम्मानको सम्बन्धमा शिक्षा समितिको निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं ५

आर्थिक सहायता सम्बन्धमाः यस गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने तपसिल बमोजिमका व्यक्तिहरुले प्रहरी मुचुल्का, वडा कार्यालयको सिफारीस तथा आवश्यक कागजात समेत संलग्न राखि आर्थिक सहायताको लागि निवेदन पेश गरेको हुदाँ निजहरुको अवस्था हेरी तपसिलको शिर्षकबाट तपसिल बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

| क्र सं | नाम थर ठेगाना | निवेदन मिति | विषय | सहायता रकम | शिर्षक |
|---|---|---|---|---|---|
| १ | पदम ब. लामिछाने रम्भा २ | | घरको टिन उडाइ क्षति भएको | १५००० | अन्य सामाजिक सुरक्षा/गरिब परिवार सहायता शिर्षक |
| २ | माया देवि श्रेष्ठ रम्भा ३ | | गोको छानो उडाइ क्षति भएको | ८००० | विपद व्यवस्थापन कोष |

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | डिल माया चिदी | | गोडको छानो र काठ उडाएको | १५००० | विपद व्यवस्थापन कोष |
| ४ | टोप प्रसाद श्रेष्ठ | | भान्सा घरको छानो उडाएको | ८००० | विपद व्यवस्थापन कोष |

**निर्णय नं ६**

**प्रदेश समपूरक तथा विशेष अनुदानको लागि योजना माग सम्बन्धमा:** आ. व. २०८१/०८२ को लागि प्रदेश समपूरक तथा विशेष अनुदान अन्तर्गत कार्यान्वयन गर्ने आयोजना तथा कार्यक्रमको प्रस्ताव चैत्र मसान्तभित्र पेश गर्नुपर्ने व्यवस्था अनुसार तपसिल बमोजिमका योजना सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो।

**प्रदेश समपूरक तर्फका योजनाहरु:**

१. झोकेदी- किटेनी- रानीबास मो.बा.,रम्भा- २

२. भिमाद- बग्चौर- फेदी मो. बा. रम्भा-४

३. बेल्टारी- कुडुले- धाम मो. बा.,रम्भा-३ र ४

**विशेष अनुदान तर्फका आयोजना**

१. लिचि फलफूल पकेट क्षेत्र विस्तार कार्यक्रम रम्भा गाउँपालिका

२. सुन्तला जात फलफूल पकेट क्षेत्र विस्तार कार्यक्रम रम्भा गाउँपालिका

**निर्णय नं ७**

**धानको बिउको माग संकलन सम्बन्धमा:** यस गाउँपालिकाको आ.व. २०८०/०८१ को लागि स्वीकृत उन्नत जातको धानको विउ ५० प्रतिशत अनुदान वितरण कार्यक्रम कार्यान्वयनको लागि सावित्री,सामा मन्सुली,राम धान लगाउन इच्छुक कृषकहरुसँग धानको बिउ माग गर्ने निर्णय गरियो।

**निर्णय नं ८**

**रैथाने बाली प्रवर्द्धन कार्यक्रम:** आ. व. २०८०/०८१ को लागि स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत रैथाने बाली प्रवर्द्धन कार्यक्रम कार्यान्वयनको लागि रम्भा गाउँपालिका भित्रका तपसिल बमोजिको क्षेत्रफलमा कृषि खेति गर्ने कृषकहरुलाई उल्लिखित बजेट शिर्षकबाट अनुदान उपलब्ध गराउने निर्णय गरियो।

| क्र सं | विवरण | प्रति रोपनी अनुदान |
|---|---|---|
| १ | अनदी,झिनुवा धान | रु.३००० |
| २ | बर्मेली र छोटे धान | रु २००० |
| ३ | कोदो,भटमास र फापर | रु ३००० |